म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक १७७ | बिहीबार, २४ माघ २०८१ | ने. सं. ११४५ सिल्लाथ्व | 6 February 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## टिपर दुर्घटनामा चालकको मृत्यु




हेटौंडा, २३ माघ/मकवानपुरगढी गाउँपालिकामा भएको टिपर दुर्घटनामा परी एकजनाको मृत्यु भएको छ । बुधबार दिउँस मकवानपुरगढी-७ सुकौरामा ढुंगा बोकेर आउँदै गरेको बा २ क ६६६४ नम्बरको टिपर सुकौराको खोटार खानीनजिकै पल्टिएको हो ।

दुर्घटनामा टिपर चालक देवेद्र लुङ्वाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । लोर्ड बोकेको टिपरमा ब्रेकफेल हुँदा दुर्घटना भएको अनुमान गरिएको छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय मकवानपुर गढीको प्रहरीटोली घटनास्थल पुगेको छ ।

# प्रदेशसभामा प्रदेशप्रमुखबाट फिर्ता कृषिसहित ५ वटा विधेयक पेश

प्रतिक्षा न्यौपाने




हेटौंडा, २३ माघ/ बागमती प्रदेशसभाको बुधवार बसेको हिउँदे अधिवेशनको बैठकमा ५ वटा विधेयक पेश भएका छन् । पुन:विचारका लागि आएको कृषि विधेयकदेखि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन-२०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रस्तुत भएका छन् ।

बैठकमा प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले १ कार्तिकमा फिर्ता गरेको प्रदेश कृषिविकास विधेयक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पुन:विचारका लागि संसदमा पेश भएको छ । कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठले कृषि विधेयक पेश गर्दा प्रदेशप्रमुख देवकोटाले औंल्याएका कमजोरी र सुझावको प्रतिवेदन पनि समावेश गरेका छन् । विधेयक पुन:विचार भएर फेरि प्रदेशप्रमुखकोमा गएर प्रदेशप्रमुखले प्रमाणीकरण गरेपछि प्रदेश राजपत्रमा प्रकाशन पश्चात कानुनको रुपमा लागू हुनेछ ।

प्रदेशप्रमुख देवकोटाले प्रदेशसभाको ७ असोजमा बसेको बैठकले पारित गरेका दुइटा विधेयक प्रमाणीकरण गर्दा अर्को कृषि विधेयक १ कात्तिकमा फिर्ता पठाएका थिए । प्रदेशसभा शिक्षा, स्वास्थ्य तथा कृषि समितिको गत १४ भदौमा बसेको बैठकबाट पारित कृषि विधेयकलाई ७ असोजको प्रदेशसभा बैठकले अनुमोदन गरेर प्रदेशप्रमुखको कार्यालयमा प्रमाणीकरणका लागि पठाएको थियो ।

देवकोटाले विधेयकको दफा १४, १५, २१, २२, २७ र २९ मा त्रुटि रहेको भन्दै सभामुख भुवनकुमार पाठकलाई सन्देश सहित विधेयक फिर्ता गरेका थिए । कृषि विधेयकलाई प्रदेश मन्त्रिपरिषद्ले ५ भदौ २०८० मा प्रदेशसभामा पेस गर्ने निर्णय गरेको थियो । विधेयक प्रदेशसभाको कृषि समितिमा एक वर्षदेखि थन्किएको थियो ।

कृषि क्षेत्रमा अनुदान वितरण गर्ने जस्तो दीर्घकालीन असर गर्ने गम्भीर विषयमा बनाइएको विधेयक झारा टार्ने गरी ल्याइएको थियो । प्रदेशसभा सदस्यले छलफल गरेर अन्तिम रुप दिएको विधेयकमा सम्बन्धित निकायले कुनै पनि जोखिम नलिने गरी कानुन बनाउन खोजिएको हो । राज्यको ढुकुटी व्यापक दुरुपयोग हुन सक्ने गरी विधेयकमा छिद्र राखिएको छ । कानुन आफू अनूकुल प्रयोग गर्न मिल्ने गरी तीनवटा निकायले अनुदान मनपरी ढंगले बाँड्न सक्ने छिद्र राखेर विधेयक बनेको पाइएको थियो ।

कृषि विधेयक आउनु अघि २०७९ मा अध्यादेश ल्याइएको थियो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ५ असोज २०७९ मा प्रदेश कृषिविकास अध्यादेश, २०७९ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठायो । कृषिविकास अध्यादेश, २०७९ ल्याउँदा शालिकराम जम्कट्टेल नेतृत्वको सरकारमा काभ्रेका बसुन्धरा हुमागाईं कृषिमन्त्री थिए ।

यसैगरी, बुधवारको बैठकमा उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री सुकमाया तामाङले प्रदेश औद्योगिक व्यवसाय ऐन-२०७६ लाई संशोधन गर्न बनेको विधेयक र प्रादेशिक व्यापार तथा व्यवसायी सम्बन्धी ऐन-२०७६ लाई संशोधन गर्न बनेको विधेयक पेस गरेकी छन् । युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले प्रदेश खेलकुद ऐन संशोधन विधेयक प्रदेशसभामा पेश गरेका छन् ।

स्वास्थ्यमन्त्री किरण थापाको तर्फबाट श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन-२०७६ लाई संशोधन गर्न बनेको विधेयक पेश गरेका छन् । बुधबार बसेको दोस्रो बैठकले प्रदेशसभामा पेश भएका विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत गरेको छ ।

विधेयकको सैद्धान्तिक पक्षमाथि सांसद प्रेमबहादुर पुलामी, रत्नप्रसाद ढकाल र उद्धव थापाले छलफलमा भाग लिएका थिए । उनीहरुले उठाएका प्रश्नको विषयमा सम्बन्धित मन्त्रालयका मन्त्रीहरुले जवाफ दिएका थिए । प्रश्नउत्तर पछि सभामुख भुवनकुमार पाठकले विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए । पेश भएका विधेयक सर्वसम्मतीले स्वीकृत भएको छ । प्रदेशसभाको अर्को बैठक आज बिहीबार दिउँसो १ बजे बस्ने गरी स्थगित गरिएको छ ।

# हेटौंडामा दैनिक साढे ३ करोड लिटर खानेपानी उत्पादन



साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले दैनिक सरदर ३ करोड ७० लाख लिटर खानेपानी उत्पादन गरेर उपभोक्तालाई वितरण गर्दै आएको छ ।

उपमहानगरक्षेत्रमा बसोबास गर्ने करिब १ लाख ६५ हजार नगरबासीमा २८ हजार १ सय १२ वटा धारामार्फत ८ देखि ९ घण्टा पानी वितरण गर्दै आइरहेको बोर्डका अध्यक्ष प्रताप विष्टले जानकारी दिए । हेटौंडाको मुख्य बजारक्षेत्रमा भने २४ सै घण्टा पानी आपूर्ति गर्न बोर्ड सफल भएको छ । बोर्डमा हालसम्म १६ वटा खानेपानी उपभोक्ता समिति हस्तान्तरण भइसकेको छन् ।

नगरक्षेत्रभित्रको वडा नं. ११, १२ र १३ मा भने स्थानीय उपभोक्ता समितिबाट खानेपानी वितरणकार्य हुँदै आएको छ । उपमहानगरपालिकाले नगरबासीलाई सहयोग पुऱ्याउने उद्देश्यले २०७९ साल भदौ महिनादेखि न्यूनतम १० हजार लिटर पानी महसुल नि:शुल्क गर्दै आएको छ । जसको कारणले १० हजार लिटर मात्र खानेपानी खपत गर्ने उपभोक्ता लाभान्वित भएका छन् । बोर्डले आफ्नै स्रोतबाट नगरक्षेत्रभित्र विभिन्न स्थानमा १५ वटा डिप ट्यूवेल निर्माण कार्य सम्पन्न गरेको छ ।

मकवानपुरगढी गाउँपालिकामा ३ वटा, भीमफेदी गाउँपालिकामा २ र हेटौंडा-९ मा एक गरी ६ थान समवेल निर्माणकार्य आफ्नै स्रोतमार्फत् सम्पन्न गरेको अध्यक्ष बिष्टले बताए । विभिन्न१२ स्थानमा पम्प तथा पालेघर निर्माणकार्य सम्पन्न गरेको अध्यक्ष विष्टले बताए । बोर्डले करिब ४ सय किलोमिटर मेन तथा शाखा पाइपलाइन विस्तारकार्य सम्पन्न गरेको छ । संघीय सरकार खानेपानी तथा ढल व्यवस्थापन आयोजना, हेटौंडा उपमहानगरपालिका र बोर्डको सह लगानीमा करिब १५ करोडको लागतमा ओभरहेड पानी टंकी एउटा, भूमिगत पानी टंकी तीनवटा, डिप बोरिङ ४ वटा, मेन तथा शाखा पाइपलाइन विस्तार गरेको अध्यक्ष विष्टले बताए ।

संघीय सरकारको करिब ८ करोडको लगानीमा हेटौंडा-१९ बस्तीपुरमा डिप बोरिङ, ओभर हेड पानी टंकी, कार्यालय भवन तथा पालेघर निर्माण, मेन तथा शाखा पाइपलाइन विस्तार र विद्युतीकरणकार्य अन्तर्गत अपुरो रहेको योजना सम्पन्न गर्न बोर्डबाट करिब ३ करोड रुपैयाँ लगानी गरी योजना निर्माणकार्य सम्पन्न गरेपश्चात् यो क्षेत्रमा सेवा सुचारु गरिएको छ ।

बागमती प्रदेश सरकार सँगको सहलगानीमा हेटौंडा-१९ बस्तीपुरमा समवेत निर्माण, हेटौंडा-१६ मा डिप ट्यूवेल, त्रिशूलेमा ५ लाख लिटर क्षमताको भूमिगत पानी टंकी निर्माणकार्य र करिब २० कि.मि. मेन तथा शाखा पाइपलाइन बिस्तारकार्य सम्पन्न गरिएको छ । हालसम्म बोर्डमा हेटौंडा-३, ६, ७, १४, १५, १६, १७, १८ र १९ मा सञ्चालित १६ वटा खानेपानी उपभोक्ता समितिबाट खानेपानीको पूर्वाधारसहित ९ हजार ५ सय धारा हस्तान्तरण भई आएको अध्यक्ष बिष्टले बताएका छन् ।

# ईभीमय बन्दै हेटौंडा-काठमाडौं रुट



साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ हेटौंडा-काठमाडौं बैकल्पिक सडकखण्डमा चल्ने साना सवारीको रुपमा रहेको टाटासुमो बिस्थापनको शिकार भएका छन् । पछिल्ला दिनमा ईभीले बजार लिन थालेपछि टाटासुमो बिस्थापनमा पर्दै गएको हो ।

बाराको पथलैया, चितवनको ठोरी र मकवानपुरको हेटौंडाबाट काठमाडौंसम्म चल्ने गरी एकैसाथ ३० वटा विद्युतीय माइक्रो भ्यान संचालनमा आएको छ । यातायात व्यवसायीको समूह राष्ट्रिय स्वतन्त्र मल्टिप्रपोज व्यवसायी प्रालिलाई शशीला मोटर्सले ३० वटा किटोन ब्राण्डका १४ सिट क्षमताका इभी माइक्रो भ्यान हस्तान्तरण गरेपछि यो रुटमा संचालन गर्न थालिएको हो ।

बाराको पथलैयामा आयोजित समारोहमा गाडी हस्तानन्तरण गर्दै शशीला मोटर्स प्रालिका प्रबन्धनिर्देशक सन्तोष खतिवडाले बिक्रीपछिको सर्भिसलाई सहज बनाउने विषय आफ्नो प्राथमिकतामा रहेको बताए । खतिवडाले विद्युतीय सवारी वातावरणमैत्री मात्र नभएर यात्रु र ब्यवसायीमैत्री पनि रहेको भन्दै ब्यवसायीलाई आवश्यक सहयोग गर्न तत्पर रहेको प्रतिवद्धता ब्यक्त गरे ।

जीतपुरसिमरा उपमहानगर प्रमुख राजन पौडेलले अहिलेको समयमा विद्युतीय गाडी निर्बिकल्प रहेको भन्दै ब्यवसायीलाई सफलताको शुभकामना दिए । उनले भने, 'इभी गाडीले देशको ऊर्जा प्रणालीलाई अझ प्रभावकारी बनाउनेर पर्यावरणमैत्री यातायातलाई प्रोत्साहित गर्नेछ, जुन देशको आवश्यकता हो ।'

आजैदेखि सेवाको सुरुवात भएको जानकारी दिंदै ब्यवसायीले यात्रुको सुविधा र गुणस्तरीय सेवा प्राथमिकतामा राख्न आग्रह गरे । इन्धनखर्च बचत हुनाले विद्युतीय गाडी दीर्घकालीन रुपमा ब्यवसायीको हितमा रहने उनीहरुको विश्वास थियो ।

# पदमपोखरीमा साँस्कृतिक महोत्सव हुने




साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१३ मा प्रथम पदमपोखरी साँस्कृतिक महोत्सव २०८१ हुने भएको छ । महोत्सव हेटौंडा-१३ वडा कार्यालयको आयोजनामा हुन लागेको हो ।

महोत्सव मूल समारोह समितिले बुधबार पत्रकार सम्मेलनमार्फत् जानकारी गराएको हो । सम्मेलनमा महोत्सव समारोह समितिका संयोजक रन्जु गोम्बाले आगामी फागुन ४, ५ र ६ गते गरी तीनदिने महोत्सव आयोजना गर्न लागेको जानकारी दिइन् । 'संस्कार, सँस्कृति एवम् कला र साहित्यको जगेर्ना गरौं, स्थानीय व्यापार कृषिउपज उत्पादनलाई प्रबर्द्धन गरौं' भन्ने मूलनाराका साथ महोत्सवको आयोजना गर्न लागिएको समितिका संयोजक गोम्बाले बताइन् । उनका अनुसार कार्यक्रम पदमपोखरीस्थित लोकतान्त्रिकचोकमा हुनेछ ।

पदमपोखरीको पहिचानलाई उचाईमा उठाउन आन्तरिक पर्यटनलाई टेवा पुऱ्याउने उद्देश्यले महोत्सवको आयोजना गर्न लागेको हेटौंडा-१३ का वडाध्यक्ष पेम्बा लामाले जानकारी दिए । महोत्सवले उत्पादन र बजारीकरणको अवधाराणाको विकास, स्थानीय व्यापार, कृषिउपज उत्पादनलाई प्रबर्द्धन गर्न र वडाबासीको आर्थिकस्थितिलाई माथि उठाउन सहयोग गर्ने लक्ष्य रहेको वडाध्यक्ष लामाले बताए ।

महोत्सवमा स्थानीय परम्परागत उपभोग्य कृषिउपज सामग्री, आधुनिक सीपमा विभिन्न सामान उत्पादन, बाँस जन्य सामग्री, खानाका विभिन्न परिकार गरी ८० वटा स्टल रहने वडाध्यक्ष लामाले बताए । उनले स्टलमा मदिराजन्य पदार्थ राख्न तथा बिक्री गर्न विशेष रोक लगाइने बताए । उनका अनुसार, ८० स्टलमध्ये २६ वटा टोल विकास समूह र चारवटा विभिन्न संघसंस्था गरी ३० वटा स्टल नि:शुल्क दिइनेछ । बाँकी अन्य स्टलको भने तीन दिनको पाँच हजार शुल्क लिइनेछ ।

वडाध्यक्ष लामाले महोत्सवमा १० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको बताए । महोत्सवमा नेपाली राष्ट्रिय मौलिकतालाई झल्कने गरी राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती रहने कला संयोजक धिरेन लामाले जानकारी दिए । महोत्सवमा कलाकार रोज मोक्तान, प्रिती आलेमगर, टीका बोम्जन, प्रकाश तितुङ, साम्तेन मोक्तान, बिक्रम लुङ्वालगायत स्थानीय ब्याण्ड, कलाकारले प्रस्तुती दिने उनले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रदेशसभा नियमितताको सहमति

बागमती प्रदेशसभा बैठक सञ्चालनको नियमिततामा सरकार पक्ष र विपक्षी दलबीच सैद्धान्तिक सहमति भएको छ । यो सहमतिले जनजीविकाको भन्दा प्रदेशसभा सदस्यको फाइदालाई प्राथमिकतामा राखेको छ । चालू आवको बजेट बनाउँदा माओवादी केन्द्रले सरकारको नेतृत्व गरेको थियो । हाल सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेस त्यतिबेला प्रमुख प्रतिपक्षको भूमिका थियो । सरकारले मंगलबार भएको सर्वदलीय बैठकमा सत्तामा हुँदा ल्याएको बजेटमाथि प्रश्न उठाउनु उचित नभएको सन्देशसहित आगामी बजेटमा विगतमा भएका कमिकमजोरीलाई सच्याएर अगाडि बढ्ने प्रतिबद्धता जनाएको छ । नेकपा माओवादी केन्द्र संसदीय दलका नेता शालिकराम जम्कट्टेलले प्रदेशसभा बैठक सञ्चालनमा कुनै वाधा नहुने बताए । सर्वदलीय बैठकमा कुनै सहमति नभएपनि छलफल भएको उनको भनाई छ । सरकारसँग आफ्ना कुरा राखेर समय दिइएको थियो । बागमतीका सभामुख भुवनकुमार पाठकले मंगलबार राखेको सर्वदलीय बैठकमा प्रदेशसभालाई निरन्तर सञ्चालनका लागि सबै दलबीच सैद्धान्तिक सहमति जुटेको हो । सरकारले सहजै प्रदेशसभा सञ्चालनको वातावरण तयार नगरेको प्रतिपक्ष दलहरुले आरोप लगाउँदै आएका थिए ।

यसअघि विपक्षी दल नेकपा माओवादी केन्द्र, राप्रपा र नेकपा (एकीकृत समाजवादी), हाम्रो नेपाली पार्टीले सरकारसँग गरेका पूर्वसहमति कार्यान्वयन भएपछि मात्रै प्रदेशसभा सञ्चालन गर्न दिने अडान लिएका थिए । १७ माघमा प्रदेशसभा सचिवालयमा भएको कार्यव्यवस्था परामर्श समितिको बैठकमा १८ गते हिउँदे अधिवेशनको सुरुवात गर्ने बैठक सञ्चालनका लागि सहमित जनाउँदै आगामी बैठक सञ्चालनमा पूर्वसहमति कार्यान्वयनको ग्यारेन्टी खोजेको थियो । प्रदेशसभाको हिउँदे अधिवेशन माघ १८ गते मात्र सुरु भएको थियो । बैठकमा ३ वटा विधेयक पेस गर्ने भनिएको थियो । तर, दलहरुबीच सहमति नजुट्दा विधेयक पेस हुन सकेको थिएन । विपक्षी दलहरुले सरकारले विगतमा गरेका सहमति कार्यान्वयनको प्रगतिबारे बिहीवार प्रदेशसभामा बसेको कार्यव्यवस्था परामर्श समितिको प्रश्न उठाएपछि सम्भावित कार्यसूचिमा फेरबदल गरिएको थियो । ६ असोज २०८१ मा बागमती प्रदेशसभाका दलहरुबीच विपक्षी दलका सांसदको योजनामा बजेट थप गर्ने सहमति भएको थियो । नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादीसहित विपक्षी दलले प्रदेशसभा अवरुद्ध गर्ने तयारी गरेपछि सरकारको सक्रियतामा बसेको सर्वदलीय बैठकमा अपुग बजेट थप्ने सहमति बनेको हो । त्यतिबेलाको सर्वदलीय बैठकले योजनाको मूल्यांकन र बजेटको आकार निर्धारणका लागि नेपाली कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकारको संयोजकत्वको गठन गरेको कार्यदलले सरकारलाई प्रतिवेदन दिइसकेको छ । तर, सरकारले सहमति कार्यान्वयन नगरेको भन्दै विपक्ष दल असन्तुष्ट देखिएका हुन् ।

सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले दलहरुबीच कुनै असहमति भए समाधान गरेर जानुपर्छ भन्ने सभामुखको जोडमा सरकार र विपक्षी दल सकारात्मक भएको बताए । हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनको रुपमा लगेर आउने विधेयकहरु प्रस्तुत गरेर प्रदेशसभा नियमित सञ्चालन हुनेछ । प्रदेशप्रमुखले फिर्ता गरेको विधेयकलाई पुन: अगाडि बढाइने छलफल भएको मन्त्री लामिछानेले बताए । आगामी दिनमा निर्माण हुने बजेटमा अगाडिदेखि नै गृहकार्य गरेर जाने विषयमा छलफल भएको उनी बताउँछन् । संसद पनि चलाउँदै जाने र बीचमा सहमतिका बिन्दुहरुमा पनि छलफल गरेर अगाडि बढ्नेमा एकमत भएको उनको भनाई छ । बजेटको अवस्था के हो ? हाम्रो घाँटी कत्रो छ ? यी सबै कुरा हेरेर काम गर्दै जाने विषयमा सहमति भएको छ’ उनले भने । विपक्षी दलले उठाएका विषयमा मुख्यमन्त्री बहादुरसिंह लामाले सम्बोधन गर्दै जाने प्रतिबद्धता जनाएको उनले बताए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ २५ गते शुक्रबार ७ फेब्रुअरी २०२५ । दशमी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:४९, सूर्यास्त ५:४८।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मन प्रसन्न रहनेछ | **तुला** | : परिवारमा सुखद माहौल रहनेछ |
| **वृष** | : विरोधी परास्त हुनेछन् | **वृश्चिक** | : स्थिति अनुकूल बन्नेछ |
| **मिथुन** | : व्यापारमा लाभ हुनसक्नेछ | **धनु** | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| **कर्कट** | : काममा सफलता मिल्नेछ | **मकर** | : अहंकारको भावले काम विगार्नेछ |
| **सिंह** | : अधुरा कामहरु पूरा हुनेछ | **कुम्भ** | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| **कन्या** | : स्वास्थ्यको समस्या आउनेछ | **मीन** | : व्यापार राम्रो चल्नेछ |

# खर्बौं बेरुजु र बक्यौताले थलिएको देश



✍सागर पण्डित

सरकारी निकायमा जहाँ हेर्‍यो त्यहीं समस्या र विकृति देखिन्छ । हाम्रो सरकारी निकाय विकृति नै विकृतिको डङ्गुरभित्र छ भन्दा अत्युक्ति हुँदैन । तैपनि सरकारमा रहेका राष्ट्रसेवकहरुले लाज र सर्म मान्ने गरेका छैनन् । अझै जुन निकायमा सबैभन्दा बढी अनियमितता हुन्छ त्यही निकायमा बस्नेहरुले नै सबैभन्दा बढी स्फूर्ति हाँकेको देखिन्छ । राज्यकोषमा आउनुपर्ने तथा नियमित गर्नुपर्ने खर्बौं रुपियाँ लामो समयदेखि बेरुजुको रुपमा थन्कन्छ ।

उठ्नुपर्ने खर्बौं रुपियाँ उठ्न सक्दैन र बक्यौताको रुपमा रहिरहन्छ भने सरकारका सरोकारवाला निकाय किन चाहियो ? जिम्मेवारी पूरा गर्न नसक्ने सबै निकायलाई विघटन गरि दिए भइहाल्यो नि ! के तलब खान र राज्यकोष सकाउन मात्रै आएका हुन्छन् त सरकारी पदाधिकारी तथा राष्ट्रसेवकहरु ? आज खर्बौं बेरुजु र बक्यौताले देश थला पर्दै गर्दा यस प्रकारका गम्भीर प्रश्नहरु आम नागरिक समाजबाट उठिरहेका छन् । महालेखापरीक्षक कार्यालयको ६१ औं वार्षिक प्रतिवेदनका अनुसार २०८०/८१ सम्म देशभरका सरकारी कार्यालयको गरी जम्मा बेरुजु ११ खर्ब ८३ अर्ब २६ करोड पुगेको छ । अहिले महालेखाले २०८१/८२ को लेखापरीक्षण गरिरहेको छ । यसरी लेखा परीक्षण गर्दा फेरि १ खर्ब जति बेरुजु थपिने अनुमान महालेखाले गरेको छ ।

महालेखापरीक्षक कार्यालयले गत आर्थिक वर्ष २०७९/८० मा ५ हजार ६ सय ५ सरकारी कार्यालयको लेखापरीक्षण गरेको थियो । गतवर्ष ती सरकारी कार्यालयको ७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण गर्दा ९५ अर्ब ६० करोड बेरुजु आएको थियो । महालेखापरीक्षक कार्यालयका अनुसार यसपटक झन्डै ६ हजार सरकारी कार्यालयको करिब ८५ खर्बको लेखापरीक्षण गर्दा झन्डै १ खर्ब बेरुजु आउने संकेत देखिएको छ । यसले के कुराको पुष्टि गर्छ भने हामीकहाँ बर्सेनि झन्डै १ खर्ब बेरुजु थपिने ट्रेन देखिएको छ । यो मुलुकमा व्याप्त आर्थिक अराजकताको पराकाष्ठा हो । यसको मुख्य कारण दण्डहीनता नै हो । जसले जति बेरुजु निकाले पनि उसलाई कारबाही नहुने रोगका कारण बर्सेनि खर्ब बेरुजु थपिने गरेको दु:खदायी अवस्था हामीकहाँ छ । १ खर्ब बेरुजु बढेमा अब सरकारी कार्यालयको हालसम्मको बेरुजु झन्डै १३ खर्ब पुग्नेछ । गतवर्ष औंल्याइएको बेरुजुमध्ये २३ अर्ब ४० करोड असुलउपर गर्नुपर्ने बेरुजु रहेको थियो भने १७ अर्ब ६९ करोड अनियमित किसिमको बेरुजु रहेको थियो । यी दुवै एक किसिमको भ्रष्टाचार नै हो ।

अझ अनियमित किसिमले खर्च गरेर बेरुजु निकाल्ने सरकारी अधिकारीहरुले हाकाहाकी उन्मुक्ति पाउँदै आइरहेका छन् । त्यस्ता अधिकारीहरुलाई अख्तियारले भ्रष्टाचारमा छानबिन र कारबाही चलाउनुपर्छ । यसै गरी अर्कोतर्फ अर्थ मन्त्रालय र मातहतका निकायले रु. ४ खर्ब १५ अर्ब ३ करोड २ लाख राजस्व तथा भाखा नाघेको ऋणको सावाँ-ब्याज असुल गर्न बाँकी रहेको महालेखाले जनाएको छ । यसै गरी आन्तरिक राजस्व विभागले तयार गरेको वार्षिक प्रगति प्रतिवेदनअनुसार २०७९/८० सम्म आयकरतर्फ १ खर्ब ८७ अर्ब १० करोड ३० लाख, मूल्यअभिवृद्धि करतर्फ ६५ अर्ब ७६ करोड, ७१ लाख, अन्तशुल्कतर्फ ४ अर्ब ७५ करोड ३२ लाख र अन्य रु. १ अर्ब २३ करोड १५ लाखसमेत रु. २ खर्ब ५८ अर्ब ८५ करोड ४८ लाख राजस्व बक्यौता रहेको छ । महालेखाले सरकारले संकलन गर्नुपर्ने राजस्वलाई कानुनी प्रक्रियाबमोजिम बक्यौता असुली गर्न बारम्बार सरकारी निकायको गम्भीर ध्यानाकृष्ट गर्दै आएको छ ।

यसै गरी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार सरकारले सार्वजनिक संस्थान, समिति, बोर्ड, कोष र स्थानीय तहमा गरेको ऋण लगानीको भाखा नाघेको सावाँ रु. ६२ अर्ब ७० करोड ९ लाख र ब्याज ९३ अर्ब ४७ करोड ४५ लाखसमेत गरी १ खर्ब ५६ अर्ब १७ करोड ५४ लाख बक्यौता रहेको छ । बक्यौता सावाँ-ब्याज चुक्ता नगर्ने ८० वटा निकाय छन् ।

महालेखाले यी निकायबाट समयमा नै सावाँ-ब्याज असुल गर्न सरकारलाई सुझाएको भए पनि सरकारका सरोकारवाला निकाय उदासीन हुँदै आएको देखिन्छ । यसै गरी स्थानीय तहतर्फ पनि काठमाडौं, भरतपुर, पोखरा महानगरपालिका, हेटौडा उपमहानगरपालिका लगायतका १३ वटा स्थानीय तहमा रु. २ अर्ब ८७ करोड ८२ लाख भाखा नाघेको सावाँ-ब्याज असुल हुन बाँकी रहेको छ । बक्यौता उठाउन नसक्नेहरुले किन उठाउन सकेनन् भन्ने बारेमा पनि अध्ययन, अनुसन्धान हुन जरुरी छ ।

यसरी खर्बौं रुपियाँ बेरुजु र बक्यौता रहने तर उठ्न नसक्दा त्यसले मुलुकमा आर्थिक, सामाजिक, प्रशासनिक, कानुनी र सेवा प्रवाहका पक्षबाट समेत गम्भीर असर र चुनौती देखा परिरहेको छ । सरकारी निकायले बक्यौता असुल गर्न नसक्दा त्यसले सरकारको आम्दानी नै प्रभावित हुने गर्छ । जसका कारण विभिन्न विकास आयोजनामा विकास बजेट विनियोजन गर्दा संकुचन गर्नुपर्ने अवस्था आउँछ । बक्यौता र बेरुजु व्यवस्थापन कमजोर हुँदा विकास निर्माणका कामहरू प्रभावित हुन्छन् । जसले मुलुकको विकास कार्यमा अवरोध ल्याउन सक्छ । यसै गरी राजस्व कमी हुँदा र सरकारलाई आवश्यक स्रोत नहुँदा आन्तरिक तथा बाह्य ऋण लिनुपर्ने बाध्यता आउँछ, जसका कारण सार्वजनिक ऋण वृद्धि हुन्छ । अहिले मुलुकको सार्वजनिक ऋण २५ खर्बभन्दा बढी रहेको छ ।

मुलुकमा राजस्व संकलनमा कमी, बेरुजुको बढ्दो दर, खर्बौं बक्यौता समयमा नै उठ्न नसक्ने अवस्थाले पनि सार्वजनिक ऋण लिने क्रम बढेको हो । यसले पनि मुलुकमा विभिन्न खाले संकट गहिरिएको अनुमान सहजै गर्न सकिन्छ । यसै गरी निकायहरूको कार्यक्षमता प्रभावित- सरकारी निकायहरूले समयमै बक्यौता उठाउन नसक्दा उनीहरूको प्शासनिक कार्यसम्पादन कमजोर हुन्छ । बेरुजु बढ्नुको मुख्य कारण प्रशासनिक कमजोरी, भ्रष्टाचार र कार्यान्वयनमा अनियमितता पनि हो ।

यसै गरी बेरुजु र बक्यौताका कारण विभिन्न खाले कानुनी असरहरु पनि पर्छन् । दण्डहीनताको संस्कार मौलाउँछ । यदि बक्यौता असुल नगर्ने वा बेरुजु रकम फर्स्योट नगर्ने प्रवृत्ति हाबी भएमा भ्रष्टाचार मौलाउँछ । कमजोर कानुनी संरचनाका कारण बेरुजु र बक्यौता समस्या दीर्घकालीनरूपमा निरन्तर दोहोरिन्छ । बक्यौता र बेरुजु बढ्दै जादा सरकारी निकायहरूले समयमै वित्तीय व्यवस्थापन गर्न नसक्दा जनतामा सरकारी निकायप्रति अविश्वास पैदा हुन्छ । बेरुजु बढ्दा तथा बक्यौता असुल गर्न नसक्दा स्वास्थ्य, शिक्षा, पूर्वाधारजस्ता महत्वपूर्ण सेवाहरू प्रभावित हुन्छन् । बेरुजु फर्स्योट गर्न नसक्दा सरकारले लिएका दीर्घकालीन विकास लक्ष्यहरूमा प्रतिकूल असर पर्छ ।

बेरुजु र बक्यौता कमी गरी मुलुकलाई सुशासनयुक्त बनाउन र राजस्व संकलन वृद्धि गर्न प्रभावकारी राजस्व प्रशासन र बक्यौता व्यवस्थापन प्रणाली लागू गर्नुपर्छ । बेरुजु न्यूनीकरणका लागि स्वचालित अनुगमन प्रणाली अपनाउनु जरुरी छ । भ्रष्टाचार नियन्त्रण तथा दण्ड नीति कडा बनाउनुपर्छ । बजेट पारदर्शिता र प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्छ । सरकारी निकायहरूलाई जवाफदेही बनाउने नीति अपनाउनु आवश्यक छ । अब भने बेरुजु बढाउने र न्यूनीकरण गर्न ध्यान नदिने जिम्मेवार पदाधिकारीहरुको नाम सार्वजनिक गर्नुपर्ने र उनीहरुको नाम कालोसूचीमा राखिनुपर्छ । यस्तै बेरुजु बढाउनेहरुलाई बेरुजु फर्स्योट नगर्दासम्म बढुवा रोक्ने र कुनै पनि नियुक्ति नदिने कानुनी व्यवस्था गरिनुपर्छ ।

उच्च पदस्थहरु वित्तीय रुपमा अनुशासित नहुँदासम्म बेरुजु घट्न कठिन देखिन्छ । त्यसैले अब मुख्य पदमा रहने अधिकारीहरुले बेरुजु नियन्त्रण गर्ने सवालमा कठोर हुनै पर्छ । बक्यौता उठाउने विषयलाई उच्च प्राथमिकतामा राख्नुपर्छ । अन्यथा मुलुक झन् पछि झन् कुशासनको चपेटामा पर्नेछ । विकास र प्रगति अवरुद्ध हुनेछ । यदि यी समस्या समाधान गर्न सकियो भने सरकारको आर्थिक स्थिति बलियो हुने, सेवाग्राहीलाई प्रभावकारी सेवा प्रदान गर्न सकिने र समग्ररूपमा देशको आर्थिक समृद्धिमा योगदान पुग्नेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सहकारीको नियमन गर्न नसक्ने नियमन प्राधिकरण किन ?

✍डा. रूप खड्का

नेपालमा केही ठूला बचत तथा ऋण सहकारीका ठगहरूले लाखौं बचतकर्ताको बचत अपचलन गरेपछि यो समस्या विकराल भएको छ । यो स्थिति सिर्जना हुनुमा अन्य कुराहरूका साथै सहकारी सम्बन्धी नियामक निकायको अभाव पनि हो । सहकारीलाई नियमन गर्न हालै अध्यादेश मार्फत सहकारी ऐनलाई संशोधन गरेर राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्ने व्यवस्था गरिएको छ । अध्यादेशको आधाभन्दा बढी हिस्सा प्राधिकरण सम्बन्धी व्यवस्थाकै लागि खर्चिएको छ । प्राधिकरण संघ, प्रदेश र स्थानीय तहका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्ने अविच्छिन्न उत्तराधिकारवाला एक स्वायत्त, स्वशासित र संगठित संस्था हुने भनिएको छ । यसमा एक जना अध्यक्ष, एक जना विज्ञ सदस्य, एक जना चार्टर्ड एकाउन्टेन्ट सदस्य र दुई जना पदेन सदस्य रहने र प्राधिकरणको वरिष्ठ कर्मचारी यसको सचिव रहने व्यवस्था गरिएको छ ।

नेपालको अर्थतन्त्रका तीन मध्येको एक खम्बाको रूपमा सकारिएको सहकारी क्षेत्रले नेपालमा दिगो विकासमा महत्वपूर्ण योगदान दिन सक्छ । यस क्षेत्रको नियमन, विकास र विस्तार गर्नका लागि विज्ञहरू भएको एक शक्तिशाली स्वायत्त तथा सक्षम प्राधिकरणको अभाव खट्किएको थियो । नेपाल सरकारले अध्यादेशबाट सहकारी प्राधिकरण स्थापना गर्ने कानूनी आधार सिर्जना गर्‍यो । साथै, १४ माघ २०८१ मा अर्को व्यवस्था नभएसम्मका लागि भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका सचिवको अध्यक्षतामा प्राधिकरण गठन पनि गरेको छ, जुन सराहनीय छ । यस प्राधिकरणले आफ्नो कार्य आरम्भ गरिसकेको छ ।

तर, पर्याप्त गृहकार्य नगरेर गठन गरिएको प्राधिकरणको बनोट, त्यसका अध्यक्ष तथा सदस्यको लागि तोकिएको शैक्षिक योग्यता तथा अनुभव, त्यसको अधिकार र कार्यक्षेत्रका साथै प्राधिकरणका लागि गरिएको कर्मचारी व्यवस्थालाई नियाल्दा यस किसिमको प्राधिकरणले सहकारी क्षेत्रले छलाङ मार्न सक्ने वातावरण सिर्जना गर्न सक्ने देखिंदैन ।

**मेरिटोक्रेसीलाई निषेध**

सर्वप्रथम, प्राधिकरणको बनोट र त्यसका अध्यक्ष तथा सदस्यका लागि तोकिएको योग्यता तथा अनुभव रुढीग्रस्त मनस्थितिबाट ग्रसित छ । प्राधिकरणका आधा सदस्य पदेन सदस्य भएको सन्दर्भमा यो प्राधिकरण कति स्वतन्त्र हुन सक्ला भनेर शंका गर्ने प्रशस्त ठाउँ छ । यसैगरी प्राधिकरणको अध्यक्ष र एउटा सदस्यको नियुक्ति एक सिफारिस समितिद्वारा प्रत्येक पदको लागि सिफारिस गरिएका तीन जना मध्येबाट नेपाल सरकारले एक जना नियुक्त गर्ने व्यवस्था गरिएको भए तापनि चार्टर्ड एकाउन्टेन्ट सदस्यलाई सिफारिस समितिले छनोट नगरी नेपाल सरकारले सोझै नियुक्त गर्ने व्यवस्था छ ।

हाल विभिन्न महत्वपूर्ण पदहरूमा नातागोता, राजनीतिक भागबन्डा, झोले, बिचौलियाहरू नियुक्त हुने आम प्रवृत्ति नै बनिसकेको छ । त्यसो हुँदा चार्टर्ड एकाउन्टेन्ट सदस्यको नियुक्ति मुलुक र संस्थाको विहंगम हित हुने किसिमले मेरिटोक्रेसीका आधारमा भन्दा पनि व्यक्तिगत स्वार्थ वा कुनै किसिमको प्रलोभनका आधारमा हुने सम्भावनालाई नकार्न सकिंदैन । यसैगरी प्राधिकरणको अध्यक्ष तथा सदस्यका लागि तोकिएको अनुभव पनि खुला मनले प्रेरित भएको देखिंदैन । अध्यक्षको लागि ‘कम्तीमा राजपत्रांकित प्रथम श्रेणी वा सो सरहमा कार्य गरेको वा अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरका बैंक वा वित्तीय वा सहकारी संस्थामा रही कम्तीमा १५ वर्ष कार्य अनुभव भएको हुनुपर्ने’ भनेर तोकिएको छ । यसैगरी विज्ञ सदस्यका लागि ‘अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरका बैंक वा वित्तीय संस्था वा सहकारी संस्थामा रही अधिकृत स्तरमा कम्तीमा १० वर्ष कार्य अनुभव भएको हुनुपर्ने’ भनेर उल्लेख गरिएको छ ।

यसरी सीमित क्षेत्रमा लामो समयसम्म काम गरेको अनुभवलाई मात्रै नियुक्तिको मापदण्ड बनाउँदा कतिपय योग्य, सक्षम तथा सहकारी क्षेत्रलाई गतिशील नेतृत्व दिन सक्ने युवा प्राधिकरणको अध्यक्ष वा सदस्यको उम्मेद्वार हुनबाटै वञ्चित हुनुपर्ने स्थिति बनेको छ । नेपाल वा नेपाल बाहिरका ख्यातिप्राप्त विश्वविद्यालयबाट विद्यावारिधि वा अन्य विशिष्ट शिक्षा हासिल गरेका तथा यस क्षेत्रको स्तर वृद्धि गर्न सक्ने र नियामकीय उत्कृष्टता हासिल गर्न सक्ने युवालाई अध्यक्ष वा सदस्य भएर प्राधिकरण प्रवेशको बाटो नै छेकिएको छ । युवाहरूले विश्वका विभिन्न देशमा चमत्कारपूर्ण योगदान दिएका प्रशस्त उदाहरण छन् । मिखेल साकाशभिली ३७ वर्षको उमेरमा सन् २००४ मा जर्जियाको राष्ट्रपति चुनिएका थिए जसले एलेक्सी अलेक्सिसभिली ( जससँग मैले केही समय काम गरेको थिएँ) लाई ३१ वर्षको उमेरमा सन् २००५ मा अर्थमन्त्री नियुक्त गरे ।

यो युवाहरूको समूहको सरकारले संसारको सबभन्दा भ्रष्ट मुलुकको श्रेणीमा रहेको जर्जियामा छोटो समयमै चमत्कारी सुधार गरेका थिए । विश्व बैंकको ‘डुइङ बिजनेस’ सर्वेक्षणले २००५ देखि २०१० सम्म हरेक वर्ष जर्जियालाई विश्वको शीर्ष सुधारक देशको रूपमा स्थान दिएको थियो । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, एशियाली विकास बैंक, संयुक्त राष्ट्रसंघ जस्ता संस्थामा उल्लेखनीय कार्य गरेको योग्य र सक्षम नेपालीलाई पनि प्राधिकरणको अध्यक्ष वा सदस्य भएर योगदान गर्ने बाटो अध्यादेशले छेकेको छ । मेकेन्जी, बोस्टन परामर्श समूह, बेन एण्ड कम्पनी जस्ता अन्तर्राष्ट्रिय ख्यातिप्राप्त परामर्श कम्पनीमा उल्लेखनीय योगदान दिएका नेपाली विज्ञहरूका साथै हार्वर्ड, प्रिन्स्टन तथा एमआईटी लगायतका ख्याति प्राप्त विश्वविद्यालयमा अध्यापन गराएका विद्वान् प्राध्यापकहरू पनि प्राधिकरणको अध्यक्ष वा सदस्यको लागि सम्भाव्य उम्मेद्वार हुनबाटै वञ्चित भएका छन् । नेपालको सार्वजनिक प्रशासनमा सक्षम व्यक्तिलाई संलग्न गराउने उद्देश्यले राजा महेन्द्रले डा. भेषबहादुर थापालाई अमेरिकाबाट फिर्ता बोलाएका थिए । भारतमा डा. मनमोहन सिंहले विदेशका विश्व प्रसिद्ध संस्थाहरूमा काम गरिरहेका डा. मोन्टेक सिंह अहलुवालिया, डा. रघुराम राजन जस्ता ख्याति प्राप्त अर्थशास्त्रीलाई भारतमा आमन्त्रण गरेर काम गरेका थिए । उनीहरूले भारतको आर्थिक सुधार तथा विकासमा महत्वपूर्ण योगदान दिएका थिए । यसैगरी ‘कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको व्यक्ति अध्यक्ष वा सदस्य पदमा नियक्त हुन अयोग्य हुने’ भनेर गरिएको प्रावधानले मुलुकको विकासको लागि ठूलो योगदान दिन सक्ने गैरआवासीय नेपाली पनि प्राधिकरणमा अटाउन सक्ने उदार भाव राखेको देखिंदैन ।

मुलुकको विकासको लागि गैर नेपाली नागरिकको पूँजी, सीप तथा प्रविधिलाई आकर्षण गर्न समेत दोहोरो नेपाली नागरिकता दिने व्यवस्था भएको छ । साथै, १० वर्षसम्म भिसा आवश्यक नपर्ने वातावरण सिर्जना भएको वेला योग्य, अनुभवी तथा सक्षम गैरआवासीय नेपालीलाई प्राधिकरणको अध्यक्ष वा सदस्य पदमा नियुक्त हुन उम्मेद्वार हुन नपाउने गर्नु उपयुक्त होइन । मुलुकमा विकासलाई तीव्रता दिन संकीर्ण विचार होइन बाकस बाहिर (आउट-अफ-बक्स) सोच्नु आवश्यक छ । आवश्यक भएमा गैरआवासीय नागरिकलाई मात्र नभई विदेशी नागरिकलाई पनि विभिन्न महत्वपूर्ण पदमा मनोनयन गर्ने अन्तर्राष्ट्रिय असल अभ्यास छ । उदाहरणका लागि पश्चिम अफ्रिकी मुलुक लाइबेरियाका राष्ट्रपतिले २० पुस, २०८१ (४ जनवरी, २०२५) मा अमेरिकी नागरिक डा. लैली मापारियानलाई लाइवेरिया विश्वविद्यालयको १६औं प्रेसिडेन्ट (कुलपति) मा मनोनयन गरेका छन् । विभिन्न सरोकारवालाहरूले मापारियानको नेतृत्वमा विश्वविद्यालयमा शैक्षिक वातावरण तथा वित्तीय सुशासन कायम गर्न महत्वपूर्ण सुधार पहल गरिने आशा व्यक्त गरेका छन् । यसैगरी विभिन्न देशको मुलुकको कर प्रशासन (रेभिन्यू अथिरिटी) को नेतृत्व विदेशीलाई दिएपछि कर प्रशासनमा व्यापक सुधार भएर राजस्व संकलन उल्लेखनीय रूपमा वृद्धि भएका उदाहरण पनि छन् ।

जस्तै, आइरिस कर विज्ञ किरन होम्स बुरुण्डी रेभिन्यू अथोरिटीको प्रमुख (कमिसनर जनरल) नियुक्त भएका थिए भने बेलायती नागरिक चार्ली जेन्किन्स लेसोथो र स्वाजिल्याड रेभिन्यू अथोरिटीका प्रमुख (कमिसनर जनरल) भएका थिए । त्यसले गर्दा ती मुलुकहरूको कर प्रशासनमा सुधार हुनुका साथै राजस्व पनि वृद्धि भएको थियो । मुलुकमा सुधार र विकासको लागि आवश्यक भएमा मुलुकको महत्वपूर्ण पदमा विदेशीलाई समेत नियुक्त गर्ने चलन विकासशील मुलुकमा मात्र नभई विकसित देशमा पनि छ । क्यानेडियन अर्थशास्त्री मार्क जोसेफ ओसी सन् २०१३ देखि सन् २०२० सम्म बैंक अफ इंग्ल्याण्डको १२०औं गभर्नर भएको तथ्यले प्रमाणित गर्दछ । राजपत्रांकित प्रथम श्रेणी वा सो सरहमा कार्य गरेको आधारमा प्राधिकरणको अध्यक्षमा कुनै जिन्दगीभर टिप्पणी उठाएर अवकाश भएको लुते वा छट्टु अध्यक्ष पदमा नियुक्त भएमा प्राधिकरण गतिशील तथा प्रभावशाली संस्था हुने छैन ।

त्यस्तो अध्यक्षले सहकारी क्षेत्रलाई नयाँ दिशा दिन सक्ने छैन । सहकारी मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक जस्ता संस्थाहरूसँग प्रभावकारी रूपमा समन्वय गर्न सक्ने छैन, त्यसले उच्च मान्यता तथा सम्मान पाउने छैन । त्यसले प्राधिकरणलाई नाममात्रको संस्थामा रूपान्तरण गर्नेछ । त्यस्तो अध्यक्ष सहकारी क्षेत्रमा क्रान्ति ल्याउने भन्दा पनि सम्बन्धित मन्त्री तथा निजका आसेपासेका व्यक्तिलाई नियुक्ति दिने, सवारी साधनको दुरुपयोग गर्ने जस्ता कार्यमा अल्मलिने सम्भावना बढी छ ।

**विज्ञता नभएका कर्मचारीको प्रवेश**

प्राधिकरणमा सहकारी, बैंकिङ तथा वित्तीय व्यवस्था सम्बन्धी विषयको राम्रो ज्ञान र अनुभव भएका योग्य, सक्षम र प्रेरित कर्मचारी चयन गर्ने विशेष व्यवस्था पनि गरिएको देखिंदैन । प्राधिकरण बचत तथा ऋण सहकारीलाई नियमन गर्न गठन गरिने भनिएकोले त्यसमा भर्ना गरिने कर्मचारीको लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा सीप र भर्ना प्रक्रिया नेपाल राष्ट्र बैंकका कर्मचारी भर्ना प्रक्रिया जस्तै हुनुपर्ने हो । अध्यादेशमा प्राधिकरणले आफ्नो कार्य सम्पादन गर्नको लागि आवश्यकता अनुसार विशेषज्ञ, प्राविधिक तथा सहायकस्तरका कर्मचारी करारमा नियुक्त गर्न सक्नेछ भनिएको छ । तर, प्राधिकरण गठन भएपछि खारेज हुने राष्ट्रिय सहकारी विकास बोर्डमा कार्यरत कर्मचारीहरू कुनै छनोट प्रक्रिया नअपनाई प्राधिकरणको समान तह र पदमा स्वत: समायोजन हुने व्यवस्था गरिएको छ ।

यसैगरी प्राधिकरणको आफ्नै कर्मचारी नभएसम्म प्राधिकरणलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारको कुनै निकाय वा संस्थाहरूमा कार्यरत कर्मचारीलाई काजमा खटाउन सकिने व्यवस्था गरिएको छ । यस किसिमका कर्मचारीहरूबाट प्राधिकरण विज्ञहरू भएको सक्षम, सबल तथा प्रभावकारी संस्थाको रूपमा विकसित हुने देखिंदैन । वास्तवमा हाल सहकारीको नियमन नभएको कानूनको अभावले भन्दा पनि सक्षम र पर्याप्त कर्मचारीको अभावले भएको हो । यो तथ्यलाई अध्यादेशले गरेको प्रस्तावित व्यवस्थाले नजर अन्दाज गरेको छ ।

**प्राधिकरण स्वयम्लाई कम महत्व**

सहकारीलाई नियमन गर्ने संस्थालाई अन्तर्राष्ट्रिय जगतमा कुन स्तरको मान्यता तथा महत्व दिने गरेको छ भन्ने कुराको सन्दर्भमा अमेरिकामा वित्तीय सहकारीलाई नियमन गर्ने व्यवस्था गर्न खडा गरिएको संस्थालाई हेर्न सकिन्छ । अमेरिकामा वित्तीय सहकारीलाई क्रेडिट युनियन भनिन्छ । यस्ता संस्थाहरू संघ वा राज्य दुवै स्तरमा गठन हुन सक्छन् । क्रमश: पृष्ठ-३...

# प्रहरी–सशस्त्र–सेना आमनेसामने गराउने विधेयक



काठमाडौं/सशस्त्र प्रहरी बलमा कोषराज वन्त महानिरीक्षक छउञ्जेल नेपाल प्रहरीका तत्कालीन आईजीपी उपेन्द्रकान्त अर्यालसँग बोलचाल भएन । तत्कालीन गृहमन्त्री बामदेव गौतमको साथ पाएर त्यसबेला सशस्त्र प्रहरीले पक्राउ पुर्जी जारी गर्ने अधिकार लिन खोजिरहेको थियो । त्यसबेला वन्त र अर्यालबीचको तिक्तता व्यक्तिगत तहमा मात्रै सीमित रहेन, मुलुकको आन्तरिक सुरक्षा व्यवस्थापनको जिम्मेवारी लिएका दुई फौजको तल्लो तहसम्मै मनमुटाव देखियो ।

अधिकृतहरूका अनुसार, तराईमा सीमा क्षेत्रबाट सशस्त्र प्रहरीले छाडेका सामान नेपाल प्रहरीले समात्ने, नेपाल प्रहरीले गरेका काममा सशस्त्रले अड्को हाल्ने श्रृंखला नै चल्यो । तर, जब भ्रष्टाचार आरोपमा वन्त निलम्बनमा परेर दुर्जकुमार राई सशस्त्र प्रहरीमा महानिरीक्षक बने, त्यसपछि दुवै निकायबाट सम्बन्ध सुधारका लागि पहल सुरु भयो ।

नेपाल प्रहरीमा एउटै ब्याचबाट सेवा प्रवेश गरेका अधिकृत थिए, राई र अर्याल । त्यसैले राईलाई सरकारले आईजीपी बनाउने निर्णय सार्वजनिक भएलगत्तै अर्यालले सहकार्यको हात अघि बढाएका थिए । त्यतिञ्जेल गौतम पनि गृहमन्त्रीबाट हटे । अर्याल राईलाई बधाई दिन आफैं सशस्त्र प्रहरी हेडक्वार्टर पुगे ।

दुई सुरक्षा फौजबीच मेलमिलाप रहेको संकेत दिने गरी दुवै प्रहरी प्रमुख सार्वजनिक कार्यक्रममा पनि एकसाथ देखिन थाले । त्यसपछि क्रमश: तल्लो तहसम्म सम्बन्ध सुनि थालेको थियो । 'वास्तवमा एउटै मुलुकको दुई सुरक्षा फौजबीच त्यो तहको तिक्ततापूर्ण सम्बन्ध सम्झँदा पनि विडम्बना लाग्ने विषय थियो', नेपाल प्रहरीका एक उच्च अधिकृत सम्झन्छन्, 'पछि दुवै निकायमा ब्याचमेट नेतृत्वमा पुगेपछि सम्बन्ध सुिएको थियो ।'

देशको आन्तरिक सुरक्षा जिम्मेवारी लिएका दुई निकायको तिक्ततापूर्ण सम्बन्धको असर राम्रोसँग अनुभव गरेका अधिकृतहरू अहिले फेरि उस्तै चिन्तामा छन् । सरकारले एक साताअघि दर्ता गरेको 'सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक' मा भएको प्रावधानले फेरि नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच तिक्तता ल्याउन सक्ने देखिएको हो ।

एकातिर प्रस्तावित प्रहरी ऐनमा परिचालन र नियन्त्रणको अधिकार गृह मन्त्रालयतिर लैजाने र अर्कातिर प्रहरीले गरिआएका काम कारबाहीलाई सशस्त्र प्रहरीको अधिकार क्षेत्रभित्र पनि राख्न खोजिएपछि प्रहरी अधिकृतहरूले असन्तुष्टि जनाउन थालेका छन् ।

प्रहरी प्रधान कार्यालय, नक्सालले यो विषयमा मंगलबार पूर्वप्रहरी प्रमुखहरूलाई बोलाएर छलफल समेत गरिसकेको छ । नेपाल प्रहरीका पूर्वप्रहरी महानिरीक्षक प्रकाश अर्यालका अनुसार, संसद्मा दर्ता सशस्त्र प्रहरीको प्रस्तावित मस्यौदा जस्तोको तस्तै लागू भए, त्यसमा उल्लेखित क्षेत्राधिकारमा दोहोरोपन गराउने प्रवाधानहरूले दुई फौजबीच विवाद सिर्जना गराउँछ ।

प्रस्तावित मस्यौदामा अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा, सीमा अपराध तथा अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने संगठित अपराध नियन्त्रण, मानवबेचबिखन, संकटापन्न वन्यजन्तु तथा वनस्पती, पशुपन्छी तथा चौपाया लगायतको अवैध ओसार पसार, मानवबेचबिखनको निगरानी र नियन्त्रणमा सशस्त्र प्रहरीलाई खटाउने उल्लेख छ ।

'यो विधेयकले मानव बेचबिखन, संगठित अपराध जस्ता कुरामा सशस्त्र प्रहरीलाई वैकल्पिक फोर्सको रुपमा उभ्याउन खोजेको जस्तो देखिन्छ', अर्यालले संचारकर्मीसँग भने, 'यसले भोलिका दिनमा कोहीलाई प्रहरी मन नपर्दा सीआईबीको काममा पनि सशस्त्र प्रहरीलाई परिचालन गर्नसक्ने ठाउँ दिएको छ, यसले संगठनलाई झन् अस्थिर बनाउँछ ।'

सशस्त्र प्रहरी बलको प्रस्तावित ऐनको दफा ८ मा 'अन्तर्राष्ट्रिय सीमा सुरक्षा तथा सीमा अपराध नियन्त्रण गर्न' सशस्त्र प्रहरी परिचालन गर्न सकिने उल्लेख छ । तर, त्यसअन्तरगतको उपदफा २ (ट) ले सशस्त्र प्रहरीलाई सीमा क्षेत्रमा व्यक्ति नियन्त्रणमा लिने, खानतलासी गर्ने र प्रारम्भिक जाँचबुझ गरेर कारबाहीका लागि पठाउने अधिकार दिएको छ । नेपाल प्रहरीका अधिकृतहरू यो प्रावधानलाई लिएर पनि सशंकित छन् । सशस्त्र प्रहरीका अधिकृतहरू भने सीमामा खटिएका बेला कतिपय स्थानमा प्रहरी नजिकमा नहुने हुँदा गैरकानूनी काममा संलग्नलाई नियन्त्रणमा राख्न पूर्जी दिने र प्रारम्भिक मुचुल्का गर्ने अधिकार आफूहरूलाई हुनुपर्ने भएकाले यस्तो प्रस्ताव राखिएको बताउँछन् ।

तर, प्रहरीका उच्च अधिकृतहरू भने गैरकानूनी काम गर्नेलाई समातेर बुझाउन नागरिक आफैं पनि स्वतन्त्र भएको अवस्थामा सशस्त्र प्रहरीलाई ऐनमै यो व्यवस्था आवश्यक नहुने तर्क गर्छन् । 'गैरकानूनी काम गरेको अवस्थामा फेला पार्दा नागरिक आफैंले पनि समातेर प्रहरीलाई बुझाइरहेका छन्, यस्तोमा ऐनमै पक्राउ पूर्जी र खनतलासीको अधिकार किन चाहियो ?', प्रहरी प्रधान कार्यालय, नक्सालमा मंगलबार पूर्वप्रहरी प्रमुखहरूसँग भएको छलफलमा एक वहालवाला उच्च अधिकृतले भनेका छन् ।

परिचालन र नियन्त्रणको अधिकार समेत गृह मन्त्रालयतर्फ लैजान लागिएको अवस्थामा भविष्यमा संगठित अपराध अनुसन्धानमा समेत दुवैलाई खटाउन मिल्ने अवस्था हुँदा त्यसले भविष्यमा गम्भीर समस्या सिर्जना गराउन सक्ने अधिकृतहरूको चिन्ता छ । त्यतिबेला नेतृत्वको अनुकूलता अनुसार नेपाल प्रहरी वा सशस्त्रलाई परिचालन गर्न मिल्ने ठाउँ बनाएर चलखेल गर्न सक्ने ठाउँ राख्न खोजिएको जस्तो देखिने पूर्वआईजीपी अर्यालको टिप्पणी छ । उनी थप्छन्, 'प्रहरीको विकल्पका रुपमा सशस्त्र प्रहरीलाई समान्तर फोर्स बनाउन दिनु हुँदैन, यसले राजनीतिक नेतृत्वलाई थप चलखेल गर्ने मौका दिन्छ ।'

**प्रहरी र सशस्त्र विवादको जड**

२०५२ सालदेखि २०६३ सम्म चलेको माओवादी द्वन्द्व उत्कर्षमा छँदा प्रहरीले सुदूरपश्चिमका केही जिल्लाहरूमा सेना परिचालन गर्न लिखित सुझाव दिँदा तत्कालीन शाही नेपाली सेनाले अनिच्छा देखाएको थियो । प्रहरीले माओवादी आक्रमणको सामना गर्न आधुनिक हतियार र हेलिकोप्टरको माग गरिरहेको थियो, सेनाले व्यवाहारमा अवरोध गरिर ह्यो । सरकारले प्रहरीलाई हतियार दिने प्रक्रिया थालिसक्दा सेना र दरबारबाट यस्तो विरोध आउन थालेपछि सरकारलाई माओवादी द्वन्द्वको प्रतिवाद गम्भिर टाउको दुखाइ बनेको थियो ।

गृह मन्त्रालयका एक पूर्वसहसचिवका अनुसार, लामो वादविवादपछि दरबार प्रहरीभन्दा फरक प्रकृतिको फौज गठन गर्न दिने निष्कर्षमा पुगेको थियो । त्यसलाई आधुनिक हतियार र हेलिकप्टर दिइने भनिएको थियो । दरबारको अनुमतिपछि माओवादी द्वन्द्वलाई निस्तेज पार्न सेना खटाउने कि प्रहरी भन्ने बहस कम हुँदै गयो भने १७ माघ २०५७ सालमा पूर्वगृहसचिव खेमराज रेग्मीको नेतृत्वमा सात सदस्यीय सुझाव कार्यदल गठन भयो । रेग्मी नेतृत्वको कार्यदलले माओवादी द्वन्द्वलाई निस्तेज पार्न मुलुकमा 'सशस्त्र सुरक्षा बल' नामको छुट्टै अर्धसैन्य दस्ता (प्यारामिलिट्री फोर्स) गठन गर्न सिफारिस गर्‍यो ।

'त्यसबेला पछि प्रहरीसँगको क्षेत्राधिकारमा विवाद नहोस् भन्ने सोचेरै फौजको नाम सशस्त्र सुरक्षा बल राख्न सिफारिस गरेका थियौं', कार्यदलका सदस्य समेत रहेका पूर्वआईजीपी मोतिलाल बोहोरा भन्छन्, 'तर, मन्त्रिपरिषद्‌बाट निर्णय हुँदा फेरि प्रहरी नै राखेर फौज गठन गर्ने प्रयास अघि बढ्यो । जानकारहरूका अनुसार, त्यसबेला सरकारले प्रहरी अन्तरगत नै सशस्त्र प्रहरी बनाउने र दुवैलाई समन्वय र सुपरिवेक्षण गर्न मन्त्रालयमा प्रहरी महानिर्देशक पद राख्ने उदेश्यले नाममा प्रहरी शब्द राखेको थियो ।

पछि माओवादी द्वन्द्वलाई निस्तेज पार्ने जिम्मेवारीसहित सेना र प्रहरीबाट केही जनशक्ति ल्याएर सशस्त्र प्रहरी गठन भयो । तर, माओवादी शान्ति प्रक्रियामा आएयता पनि यसको परिचालन र क्षेत्राधिकारको विषयलाई लिएर पटकपटक विवाद भइरहेको छ । स्थापनाको करिब २५ वर्षपछि नयाँ ऐन बन्न लागेका बेला त्यो विवाद फेरि चर्किन थालेको छ । नेपाल प्रहरीका अधिकृतहरूले सशस्त्र प्रहरीको जिम्मेवारी सीमाना सुरक्षा भएको भन्दै सीमा स्तम्भको संरक्षण र रेखदेख, सीमा स्तम्भ तोडफोड, गायब बनाउने कार्यमा संलग्नलाई कारबाही, सीमा स्तम्भको मर्मत सम्भार, दशगजामा हुने अतिक्रमण जस्ता विषयलाई यसको क्षेत्राधिकारमा राख्नुपर्ने बताउँछन् ।

प्रस्तावित ऐनमा सीमा अपराध नियन्त्रणको जिम्मेवारी पनि सशस्त्र प्रहरीलाई दिइएको छ । 'यो ऐनबाट सशस्त्र प्रहरी बललाई सीमा सुरक्षाको डेडिकेटेड फोर्स बनाउन खाजेका थियौं', सशस्त्र प्रहरीका एक उच्च अधिकृत भन्छन्, 'हामीलाई बरु राजश्व र भन्सारको कामबाट अलग गरे हुन्छ, तर सीमा सुरक्षाको सम्पूर्ण जिम्मेवारी लिएर काम गर्न खोजेका हौं ।'

तर, प्रहरी अधिकृतहरू भने सीमा अपराध वृहत विषय भएको बताउँदै यो प्रावधानले दुई संगठनमा मतभेद ल्याउनसक्ने बताउँछन् । 'सीमा अपराध भनेको त एकदमै बृहत विषय हो, यससँग जोडिएका थुप्रै अपराधहरू हुन्छन्', नेपाल प्रहरीका पूर्वप्रमुख सर्वेन्द्र खनाल भन्छन्, 'त्यसैले नागरिकको सेवा गर्ने विषयमा दुई संगठनबीच मतभेद नहोस्, अधिकार क्षेत्रमा दोहोरोपन भएर अलमल नहोस् भन्ने हाम्रो चिन्ता हो ।'

सशस्त्र प्रहरीको प्रस्ताविन ऐनमा अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षाको जिम्मेवारी समेत उसलाई दिइएको छ । यसप्रति पनि प्रहरी अधिकृतहरूको असन्तुष्टि छ । 'अन्तर्राष्ट्रिय विमानस्थल सीमाना होइन, नाका मात्र हो', पूर्वआईजीपी अर्याल भन्छन्, 'नाकाबाट को को व्यक्तिको आउजाउ भइरहेको छ ? उनीहरूको पृष्ठभूमि के छ भन्ने निगरानी गर्नु जरुरी हुन्छ, त्यसका लागि प्रहरीको विमानस्थलमा उपस्थिति आवश्यक छ ।'

**सशस्त्र प्रहरीको आफ्नै असन्तुष्टि**

सशस्त्र प्रहरीले गृह मन्त्रालयमा पठाएको विधेयकको मस्यौदामा संगठनमा राजनीतिक हस्तक्षेप कम गर्ने र अस्थितरता हुन नदिने किसिमका प्रावधानहरू राखेको थियो । यद्यपि, विधेयक संसद्मा दर्ता हुञ्जेलमा अवकाशको १५ दिनअगाडि नै आईजीपी बिदामा बस्नुपर्ने, त्यसबेलै नयाँ आईजीपी सिफारिस हुने जस्ता प्रावधानहरू मस्यौदाबाट हटेका छन् ।

यो विधेयकका केही प्रावधानमा नेपाल प्रहरीका अधिकृतहरूको असन्तुष्टि त छँदैछ, सशस्त्र प्रहरीका अधिकृत स्वयं पनि सन्तुष्ट छैनन् । संसद्मा दर्ता विधेयकको दफा ७ उपदफा ३ (घ) ले सशस्त्र प्रहरीलाई विशेष परिचालनको व्यवस्थामा नेपाली सेनाको मातहत रही काम गर्ने प्रावधान राखेको छ ।

सशस्त्र प्रहरीको प्रस्तावित मस्यौदाको दफा ७ मा रहेको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण सम्बन्धी व्यवस्थामा सशस्त्र विद्रोह, सशस्त्र संघर्ष वा पृथकतावादी गतिविधि नियन्त्रण, आतंककारी गतिविधि नियन्त्रण र निर्वाचन सुरक्षाका बेला सशस्त्र प्रहरीले नेपाली सेनाको प्रत्यक्ष निर्देशनमा रहेर काम गर्ने भनिएको छ ।

हाल मन्त्रिपरिषद्‌ले विशेष परिचालन गर्ने प्रावधान राखिएका अवस्थामध्ये सशस्त्र विद्रोह, सशस्त्र संघर्ष वा पृथकतावादी गतिविधि र आतंकवादी गतिविधि नियन्त्रणको अधिकार पहिले सशस्त्र प्रहरीको सामान्य क्षेत्राधिकारभित्रै थियो । सशस्त्र प्रहरी बलका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) नारायणबाबु थापाका अनुसार, विशेष परिस्थितिमा परिचालन हुनुपर्दा एकीकृत परिचालन अन्तरगत सशस्त्र प्रहरी स्वत: सेनाको मातहतमा रहेर परिचालन हुने फौज हो ।

'बाह्‍य आक्रमणका बेला सेनाको मातहतमा रहने भन्ने विषय २०५८ सालको ऐनमा पनि उल्लेख थियो, तर अहिले अन्य अवस्थामा पनि सेनाको मातहतमा रहने विषय समावेश भएको रहेछ', थापाले भने, 'यसरी छुट्ट्याउनुको खास मनसाय बुझ्न सकेको छैन ।' सशस्त्र प्रहरी बलका एक उच्च अधिकृत भने यस्ता प्रावधान लागू भए सशस्त्र प्रहरी गृह मन्त्रालय अन्तरगतको फौज हो या रक्षा मन्त्रालय अन्तर्गतको भन्ने प्रश्न उठ्ने बताउँछन् । 'यो अवस्था हो भने सशस्त्र प्रहरीलाई रक्षा मन्त्रालय अन्तरगत नै राखे भइहाल्यो', ती अधिकृत भन्छन्, 'नभए यस्तो व्यवस्था सच्याउनुपर्छ ।'

मन्त्रालयले ल्याएको यस किमिसका प्रावधानले सेनासँग सशस्त्र प्रहरीको मनमुटाव बढाउने कतिपय अधिकृतहरूको भनाइ छ । नेपाल प्रहरीका अवकाश प्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) सुरेन्द्रबहादुर शाह राष्ट्रिय सुरक्षासँग जोडिएको गम्भीर मामलामा सरकारले हल्का ढंगले कहिले सशस्त्र प्रहरीलाई चलाउने त कहिले प्रहरीलाई खेलाउने काम गरिरहेको टिप्पणी गर्छन् । 'राष्ट्रिय सुरक्षाको अभिन्न अंगसँग जोडिएको विधेयक ल्याउँदा त्यसका हेडक्वार्टर र गृह मन्त्रालयले मात्र छलफल गरेर पुग्थेन, नागरिक समाज, महान्यायाविक्ताको कार्यालय, न्यायिक क्षेत्र लगायत सरोकारवाला पक्षलाई पनि कुरा राख्ने अवसर दिनुपर्थ्यो', उनी भन्छन्, 'कम्तिमा प्रहरी, सशस्त्रसँग सम्बन्धित पुराना ऐन, कानूनहरूलाई एकठाउँमा राखेर फ्रेमिङ गरेपछि यो अवसर दिइनु पर्थ्यो ।'

तर, दुई निकाय मात्रै बसेर ल्याइएको प्रस्तावित ऐनको मस्यौदाले राष्ट्रिय सुरक्षाका महत्त्वपूर्ण अंगहरूलाई खल्बल्याउने काम गरेको शाहको भनाइ छ । 'यसरी राज्यका सुरक्षा अंगलाई एकअर्कामा बजाउनु भनेको राष्ट्रिय सुरक्षासँग खेलबाड गर्नु, राज्यको अहित गर्नु हो', उनी थप्छन्, 'त्यसैले यति हल्का रुपले सरकारले विधेयक ल्याएको विषयमा आधारभूत रुपमै हाम्रो विरोध छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'राजागंज' टिजरमा मधेश आन्दोलन र बालक अपहरणको कथा




काठमाडौं/दीपक रौनियारको निर्देशनमा बनेको फिल्म 'राजागंज' (पूजा, सर)को टिजर सार्वजनिक गरिएको छ । बुधबार सार्वजनिक १ मिनेट २० सेकेण्ड लामो टिजरले अपहरणमा परेका दुई बालकलाई मुक्त गराउन प्रहरीले चालेको खोजी अप्रेसन र मधेशमा चर्किएको आन्दोलनलाई चित्रण गरेको छ । फिल्मले ०६३/०६४ सालमा भएको मधेश आन्दोलनको समयको कथा भन्ने टिजरले संकेत गर्छ ।

टिजरको अन्त्यमा अभिनेत्री आशा मगरातीको एउटा अर्थपूर्ण संवाद छ, 'किडन्यापरको टार्गेट मधेशी सभासदज्यूलाई हो कि उहाँको श्रीमती पहाडे भएको कारणले हो ? या, बच्चाको रङ चाहिँ गोरो भएर ?' यसबाट निर्देशक रौनियारले मधेश आन्दोलनको क्रममा रुप, रङ र वर्णको आधारमा भएको विभेद फिल्मको केन्द्रीय द्वन्द्व रहेको प्रष्ट पारेका छन् ।

आगामी चैत १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा आशासहित दयाहाङ राई, विजय बराल, ऋचा शर्मा, गौमाया गुरुङ, पशुपती राई, निकिता चाण्डक (पूर्वमिस नेपाल), पुष्पा यादव, आरती मण्डल, घनश्याम मिश्र, परमेश्वर कुमार झा, नीरज श्रेष्ठ लगायतको अभिनय छ । फिल्मले भेनिस, ह्याम्बर्ग, बुसान, मुम्बई जस्ता विश्वका प्रतिष्ठित महोत्सवहरु घुमिसकेको छ ।

आदि फिल्मसको तर्फबाट दीपक रौनियार र आशा मगराती, 'कबड्डी' निर्माण कम्पनी बाँसुरी फिल्मसको तर्फबाट रामबाबु गुरुङ तथा तन्हाउसर गेटको तर्फबाट एलन आर मिलिगनले फिल्मको निर्माणमा सहकार्य गरेका छन् । नर्वेजियन सिनेमा इन्स्टिच्युटको सोर्फोन्डबाट आर्थिक सहयोग समेत प्राप्त गरेको फिल्मको कार्यकारी निर्मातामा बलिउड निर्देशक अनुराग कश्यप रहेका छन् ।

# 'हन्टर' पोस्टरमा यस्ता देखिए अरुण




काठमाडौं/ब्लकबस्टर फिल्म 'महापुरुष'बाट अभिनेताको रुपमा डेब्यु गरेका अरुण क्षेत्री अब एक्सन फिल्म 'हन्टर'मा देखिने तयारीमा छन् । बुधबार उनको जन्मदिनको अवसर पारेर क्यारेक्टर लुक्स सार्वजनिक गरिएको छ । पोस्टरमा अरुण चिउँडोमा हात राखेर तनाव मुद्रामा देखिएका छन् । उनको अनुहारमा चोटको निशान छ । यसले फिल्ममा उनी एक्सन भूमिकामा देखिन लागेको संकेत गर्छ ।

जीवन सिंहको निर्देशनमा बन्न लागेको फिल्मको गत भदौमा श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर निर्माण घोषणा गरिएको थियो । यतिबेला प्रि-प्रोडक्सनमा रहेको फिल्ममा अरुणबाहेक अन्य क्लाकारको बारेमा जानकारी गराइएको छैन । तर, निकट स्रोतका अनुसार यसमा अरुणको जोडीको रुपमा अभिनेत्री गरिमा शर्मा देखिनेछिन् ।

क्याच कक इन्टरटेनमेन्टले ट्राइडेन्ट कन्सेप्टसँग निर्माणमा सहकार्य गरेको 'हन्टर' सुदूरपश्चिमको कथामा बन्नेछ । निर्देशक सिंहका अनुसार फिल्म वास्तविक पात्रको कथाबाट प्रभावित भएर बन्न लागेको हो । उनी भन्छन्, 'यो वास्तविक पात्रको कथाबाट प्रभावित छ । तर, हामी 'सिनेम्याटिक लिवर्टी' लिएर कथा भन्नेछौं । वास्तविक पात्रको कथामा 'फिक्सन' मिसाइनेछ ।'

ममता सिङ्ग र राज ए भट्ट निर्माता रहेको फिल्ममा मनीष चन्द र गोविन्द राज सह-निर्मातामा छन् । कार्यकारी निर्माता भने रोयल भिमसेन हुन् । उनी पोस्टर डिजाइनरको रुपमा परिचित छन् । फिल्मको छायांकन पश्चिम नेपालमा हुनेछ । अरुण यतिबेला फिल्म 'पहाड'को छायांकनमा व्यस्त रहेकाले उनले त्यो सकाएपछि 'हन्टर'को छायांकन सुरु हुनेछ । 'हन्टर'को अर्थ शिकारी भन्ने हुन्छ ।

# एडल्ट बन्यो 'ममी', व्यापारमा असर गर्ला ?



काठमाडौं/नेपालको हकमा फिल्मले सेन्सर बोर्डबाट एडल्ट सर्टिफिकेट पाउनु व्यापारिक दृष्टिकोणले राम्रो मानिँदैन । किनकि, एडल्ट फिल्म हेर्ने जमात ठूलो छैन । जसले गर्दा यस्ता फिल्मलाई लगानी उठाउन निकै समस्या हुने गरेको छ । यद्यपि, जोखिम उठाएरै भए पनि मेकरहरूले एडल्ट कन्टेन्टमा फिल्म बनाइरहेका हुन्छन् । यही शुक्रबार प्रदर्शन हुन लागेको फिल्म 'ममी' पनि एडल्ट बनेको छ ।

सोमबार फिल्म जाँच गरेपछि केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)ले एडल्ट सर्टिफिकेट दिएको हो । अब यो फिल्म १६ वर्ष पूरा भएका दर्शकहरुले मात्र हेर्न पाउनेछन् । बुझिए अनुसार हिंसाका दृश्य, हरर एलिमेन्ट्स र यौनजन्य दृश्यका कारण फिल्मले एडल्ट सर्टिफिकेट पाएको हो । यो सर्टिफिकेटले फिल्मको व्यापारमा असर गर्न सक्ने सम्भावना प्रवल देखिन्छ ।

एडल्ट सर्टिफिकेट प्राप्त भए पनि सेन्सरमा फिल्म हेरेका पदाधिकारीबाट राम्रो प्रतिक्रिया मिलेको निर्मात्री पूर्णिमा जोशीले बताइन् । नेपालमा विरलै निर्माण हुने हरर जनरा र त्यसमा पनि समाजमा घट्ने विभिन्न समसामयिक घटनालाई सुक्ष्म रुपमा उठाएको भन्दै कथावस्तुको तारिफ भएको उनको भनाइ छ । फिल्मको लम्बाई २ घण्टा ३ मिनेट छ । समर निरौलाको निर्देशनमा तयार भएको फिल्ममा प्रियंका कार्की, सुलक्षण भारती, दीया मास्के, समीप निरौला, घनश्याम जोशी, आयुषी ढकाल, जेभिस श्रेष्ठ लगायतको अभिनय छ । समर निरौला र पूर्णिमा जोशीको लेखन रहेको फिल्मको निर्माता लोकराज जोशी र पूर्णिमा जोशी हुन् भने कार्यकारी निर्मातामा सुमन कोइराला छन् । निशाल पौडेल र शरद महतोले फिल्म खिचेका हुन् ।

*के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?*

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# *सहकारीको नियमन गर्न नसक्ने...*

संघीय तहका वित्तीय सहकारीलाई राष्ट्रिय क्रेडिट संघ प्रशासन (न्याशनल क्रेडिट युनियन एडमिनिष्ट्रेशन) ले नियमन गर्दछ भने राज्य स्तरका वित्तीय सहकारीलाई सम्बन्धित राज्यको वित्तीय प्रशासनले नियमन गर्दछ । राष्ट्रिय क्रेडिट संघ प्रशासनलाई एक तीन सदस्यीय सञ्चालक समितिले निर्देशित गर्दछ जसका अध्यक्ष तथा सदस्यलाई राष्ट्रपतिले नियुक्त गर्दछन् र सिनेट (संसद्‌को माथिल्लो सदन) ले अनुमोदन गर्दछ । राजनीतिक तटस्थता कायम गर्नको लागि दुई जना भन्दा बढी सदस्य एउटै राजनीतिक दलको हुनु नहुने व्यवस्था गरिएको छ ।

यसमा पदेन सदस्य रहने व्यवस्था छैन र यो समिति आफ्ना कामकारबाही गर्न पूर्ण रूपमा स्वतन्त्र छ । त्यसमा सम्बन्धित विषयको राम्रो ज्ञान र दक्षता भएका पर्याप्त कर्मचारी रहने व्यवस्था छ जसले सहकारी संस्थाको नियमन प्रभावकारी रूपमा गर्नुका साथै सहकारी क्षेत्रको विकास र विस्तारको लागि पनि सक्रिय भूमिका निभाउँछन् ।

**वित्तीय बाहेकका सहकारीको नियमन कसले गर्ने ?**

प्रस्तावित प्राधिकरणको कार्य क्षेत्र सीमित छ । यसले सिंगो सहकारीलाई नभई बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको मात्र नियमन गर्नेछ । अन्य प्रकारका सहकारीको नियमन कसले गर्ने भन्ने व्यवस्था गरिएको पाइँदैन । हाल नेपालमा स्थापित भएका करीब ३१ हजार सहकारीमध्ये आधा जति बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था भएको अनुमान छ जुन अन्तर्राष्ट्रियस्तरमा तुलना गर्दा बढी हो ।

अमेरिकामा सन् २०२४ मा ३० हजार जति सहकारी भएकोमा क्रेडिट युनियन (वित्तीय सहकारी) को संख्या करीब ४ हजार ५०० भएको अनुमान छ । भारतमा ८ लाख जति सहकारी भएकोमा करीब ८२ हजार ऋण तथा बचत सहकारी भएको अनुमान छ । यसरी कुल सहकारीमा वित्तीय सहकारीको हिस्सा अमेरिकामा १५ प्रतिशत र भारतमा १० प्रतिशत रहेको छ ।

नेपालमा बैंक तथा अन्य वित्तीय संस्थाहरूको तुलनामा वित्तीय सहकारीको प्रशासन खुकुलो भएकोले वित्तीय व्यवस्थाको दुरुपयोग गर्ने उद्देश्यले स्थापना भएका कतिपय सहकारीलाई खारेज गर्नुपर्ने र कतिलाई गाभ्नुपर्ने हुन सक्छ । यसले गर्दा कुल सहकारी संस्थाहरूमा वित्तीय सहकारीको संख्या चार हजारको हाराहारीमा हुनु उपयुक्त हनेछ । यसको अर्थ कुल सहकारीको १०-१२ प्रतिशतको हाराहारी भएका वित्तीय सहकारीलाई प्राधिकरणले नियमन गर्नेछ भने अरू बहुसंख्यक सहकारीको अनुगमन कसले गर्ने भन्ने यकिन छैन । वास्तवमा वित्तीय सहकारी बाहेकका अन्य सहकारीको पनि प्रभावकारी रूपमा नियमन हुने व्यवस्था गरिनुपर्दछ ।

**अगाडि हेर्ने होइन, पछाडि फर्कने संस्था**

प्राधिकरणको काम, कर्तव्य तथा अधिकारलाई नियाल्दा पनि यस संस्थालाई अगाडि भन्दा पनि पछाडि हेर्ने संस्थाको रूपमा खडा गर्ने मनस्थिति रहेको देखिन्छ । यसमा सहकारीलाई नियन्त्रण गर्ने किसिमले अध्यादेशमा नियमन, निरीक्षण, सुपरीवेक्षण, अनुगमनलाई दोहर्‍याई-तेहर्‍याई उल्लेख गरिएको छ भने सहकारीको विकास र विस्तारका लागि प्राधिकरणले खेल्नुपर्ने भूमिकाका बारेमा कतै केही उल्लेख गरिएको छैन । सहकारी स्वायत्त तथा स्वतन्त्र संस्था हुन् ।

तिनीहरू स्वनियममा सञ्चालित हुने संस्था भए पनि तिनीहरूले सर्वसाधारणको बचत सुरक्षित गरे-नगरेको, सदस्यहरूको विश्वास कायम गरे-नगरेको र वित्तीय स्थिरता कायम गरे-नगरेको भनेर सरकारी क्षेत्रबाट पनि तिनीहरूको नियमन हुनुपर्दछ । तर सहकारीलाई नियमन गर्ने नाममा अनावश्यक रूपमा धेरै नियम तोकिनुहुँदैन । तिनीहरूले पालना गर्नुपर्ने आधारभूत न्यूनतम नियमहरू तोकिनुपर्दछ र त्यसको पालना भए-नभएको निरन्तर रूपमा प्रभावकारी किसिमले अनुगमन गरिनुपर्दछ र नियम विपरित कार्य गर्नेलाई तुरुन्त कठोर सजाय हुने व्यवस्था हुनुपर्दछ । सहकारीको नियमन, निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन जति आवश्यक छ त्यसभन्दा पनि सहकारी शिक्षा, तालिम र सूचनाको बढी महत्व छ । यसैले प्राधिकरणले निरन्तर रूपमा सहकारी शिक्षा, तालिम तथा सूचनाको व्यवस्था गरेर सहकारीमा संलग्न हुन चाहनेहरूलाई सहकारीको मर्म तथा सिद्धान्त अनुसार सहकारी सञ्चालन गर्न सक्षम बनाउनुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# बागमतीको झुरझुरे क्षेत्र सरसफाई



साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ परमेश्वरको मण्डली विश्व सुसमाचार समाज हेटौंडाले ८५६७ औं विश्वव्यापी वातावरण सरसफाई अभियानअन्तरगत मकवानपुरको बागमती गाउँपालिका झुरझरेक्षेत्रमा सरसफाई गरेको छ ।

कार्यक्रममा बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानको प्रमुख अतिथ्यतामा भएको थियो । कार्यक्रममा बागमती गाउँपालिका-४ का वडाध्यक्ष दन्तलाल माझी, वडा प्रहरी कार्यालय बागमतीका प्रमुख असई छविलाल यादव, वडा ट्राफिक कार्यालयप्रमुख असई केदार पौडेललगायत सम्पूर्ण शैक्षिक, सामाजिक, प्रशासनिक, राजनीतिक क्षेत्रका व्यक्तिको सहभागिता रहेको थियो ।

गाउँपालिका अध्यक्ष घलानले यस्तो आशा जगाउने गरी गाउँपालिकालाई सफा र स्वच्छ वातावरण राख्न पहिलोपटक यस्तो अभियान गरिएको प्रति आयोजक संस्थालाई आभारका साथै धन्यवाद व्यक्त गरेका थिए । सरसफाई कार्यक्रममा करिब २ सयजनाको सहभागिता रहेको थियो । परमेश्वरको मण्डली विश्वका १७५ वटा देशमा स्थापना भएको र सदस्यको कुल संख्या ३७ लाख भन्दा बढी भएको एक विश्वव्यापी मण्डली हो ।

छिमेकीलाई सहयोग, आपत्कालीन राहतकार्य, वातावरण संरक्षण, रक्तदान, शैक्षिक सहयोग, कोभिडका कारण जोखिममा परेकालाई सहयोग गर्ने कार्यसहित २८ हजार पटकभन्दा बढी स्वयंसेवा गतिविधिको नेतृत्व लिँदै अएको बताइएको छ । मण्डलीले पितापरमेश्वर र मातापरमेश्वरलाइ विश्वास गरी ख्रीष्टको प्रेमलाई विश्वका विभिन्न ठाउँमा कार्यान्वयन गरिरहेको बताइएको छ ।

जलवायु संकटले प्रकृति र मानवताको सहअस्तित्वलाई जोखिममा पारिरहेको यस्तो संकटकालीन घडीमा मण्डली विश्व सुसमाचार समाजले मण्डली रहेको विश्वका विभिन्न देश, क्षेत्र र ठाँउमा व्यापकरुपमा कार्वन न्यूनीकरण गतिविधि सञ्चालन गरिरहेको बताइएको छ । वातावरणलाइ हानिकारक पदार्थबाट जोगाउन सबै किसिमका फोहोर जम्मा गर्ने, वातावरण संरक्षणका लागि कार्वन न्यूनीकरण गतिविधिमा सहभागी हुन मानिसलाई प्रोत्साहन दिने र त्यसबारे जनचेतना जागाउने आशाको च्यालेन्ज अभियानमार्फत् यो पृथ्वीमा सफा वातावरण स्वच्छ जीवन जीउन सहयोग पुऱ्याउने छ भन्ने आशाकासाथ सरसफाइमा सक्रिय सहभागिता जनाएका थिए ।

# सरकारी खर्च घटाउने नयाँ मापदण्डमा पुरानै व्यवस्था, फितलो कार्यान्वयन

काठमाडौं, २३ माघ/ सरकारले 'सार्वजनिक खर्च मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०८१' पारित गरेको छ । मापदण्डले २०७८ सालको पुरानो मापदण्ड खारेज गरेको छ । तर, नयाँ मापदण्डले कुनै पनि नयाँ विषय समेटेको छैन । करिब शतप्रतिशत पुरानै मापदण्डलाई निरन्तरता दिइएको नयाँ मापदण्डले पुरानोको कार्यान्वयन अवस्था स्मरण गराउँछ । जसमा अधिकांश घोषणा कागजमै सीमित छन् ।

नयाँ मापदण्डमा प्रकोप, उद्धार, शान्ति सुरक्षा र विशेष सरकारी समारोहमा अतिविशिष्ट पदाधिकारी सहभागी हुनुपर्ने अवस्थामा मात्र हेलिकप्टर भाडामा लिन पाइने उल्लेख छ । यसबाहेकका अन्य गतिविधिमा हेलिकप्टर भाडामा लिन पाइने छैन । अहिले मन्त्रीहरूले आवश्यकता भन्दा बढी रवाफका लागि मेला-महोत्सव उद्घाटन, शिलान्यासमा हिँड्दा पनि हेलिकप्टर लिएर जाने गरेका छन् ।

मंगलबार मात्र कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाह जाजरकोटमा खेलकुद कार्यक्रम उद्घाटनमा जाँदा मैदान धुलाम्य बनेको दृष्य सामाजिक सञ्जालमा भाइरल छ । यो नियम पुरानो मापदण्डमा पनि उल्लेख थियो ।

**अर्थको सहमतिविना थप दायित्व सिर्जना गर्न नपाइने**

मापदण्डमा अर्थ मन्त्रालयको सहमतिविना थप दायित्व सिर्जना गर्न नपाइने उल्लेख छ । यो नियम पुरानो मापदण्डमा पनि उल्लेख थियो । तर, यसबीच अर्थले स्रोत सुनिश्चितता नगरेका अर्बौं रुपैयाँका आयोजनामा ठेक्का लागेका छन् । निर्माण व्यवसायीहरू यस्तो अलपत्र आयोजनाको भुक्तानी रोकिएको भन्दै चरणबद्ध आन्दोलनमा छन् । मापदण्ड अनुसार अर्थको सहमति नलिई सिर्जना गरिएको दायित्वको जिम्मेवारी वा जवाफदेही सम्बन्धित सरकारी निकायले लिनुपर्छ । व्यवहारमा भने जिम्मेवार बनाउने चलन छैन । मापदण्ड अनुसार विशेष परिस्थिति बाहेक विनियोजित बजेट सीमा ननाघ्ने गरी खर्च गरेर अर्को वर्ष भुक्तानी दिने गरी दायित्व सार्न पाइने छैन । तर, यस वर्षमात्र सरकारले पूँजीगततर्फ अघिल्लो वर्षको भुक्तानीमा बढी रकम खर्च गर्नुपरेको छ ।

**भेरिएसनमा सर्त, व्यवहारमा मनपरी**

नयाँ वा पुरानो दुवै मापदण्डमा आयोजनाको काम तोकिएको समयमा सम्पन्न नगरे कानुन बमोजिम स्पष्ट आधार र प्राविधिक पुस्ट्याइँविना भेरिएसन, समय थप वा लागत वृद्धि गर्न नपाउने उल्लेख छ । व्यवहारमा भने मनपरी छ । सरकारी निकाय निर्माण व्यवसायीसँग निरीह बन्दा कारबाहीको सट्टा फकाउनतर्फ बढी केन्द्रित देखिन्छन् । यसले मनपरी भेरिएसन गर्ने देखिन्छ । मापदण्ड अनुसार आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ का सर्त पूरा नगरेका आयोजना तथा कार्यक्रमलाई बहुवर्षीय ठेक्काको स्रोत सहमति नदिने उल्लेख छ ।

**लजास्पद पूँजीगत खर्च र मापदण्डको आकर्षक नारा**

चालु आर्थिक वर्ष साढे ६ महिनामा १८ प्रतिशतमात्र पूँजीगत खर्च भएको छ । नयाँ मापदण्ड अनुसार पूँजीगत खर्च पहिलो त्रैमासिकमा कम्तीमा १० प्रतिशत र त्यसपछि हरेक महिना न्यूनतम १० प्रतिशत नघट्ने गरी हुनुपर्छ । यो पुरानो मापदण्डमा पनि उल्लेख छ । व्यवहारमा भने दयनीय अवस्था छ । सरकारले अघिल्लो वर्षको भुक्तानी यस वर्ष गर्दा समेत ६ महिनामा अझै २० प्रतिशत पूँजीगत खर्च कटाउन सकेको छैन । असार मसान्तसम्म शतप्रतिशत खर्च गर्ने गरी कार्यायोजना बनाउनुपर्ने मापदण्डको सर्त छ ।

# हेटौंडामा मोवाइल चोर्दाचोर्दै बालक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ हेटौंडा उपमहानगरपालिका वडा नंबर ४ स्कुलरोडबाट मोवाइल चोरी गर्दागर्दै एकजना पक्राउ परेका छन् । हेटौंडाको मुख्यबजार हेटौंडा-४, स्कूलरोडमा मोवाइल पसल चोरी गर्ने क्रममा एकजना चोर पक्राउ परेका हुन् ।

स्कुलरोडमा कृष्णसागर श्रेष्ठले सञ्चालन गर्दै आएको पसल '९९ मोवाइल सोलुसन' बाट मंगलबार राति चोर पक्राउ परेको हो । कृष्णसागरले आफ्नै घरमा सञ्चालन गर्दै आएको मोवाइल पसलमा मंगलबार राति १ बजेर ३० मिनेटको समयमा चोरी गर्ने क्रममा १७ वर्षीय किशोर पक्राउ परेका हुन् । आफ्नो पसलमा चोर पसेको संकेत पाएपछि सञ्चाकले मोवाइलबाटै हेर्नमिल्ने सिसिटिभिबाट चोरी भइरहेको थाहा पाएपछि सटर लगाएर प्रहरीलाई खबर गरेको र चोर पक्राउ गरिएको हो ।

पक्राउ परेका किशोर बारा जिल्लाको बिश्रामपुर गाउँपालिका स्थायी घरभई हेटौंडामा अध्ययनका लागि बस्दै आएको प्रहरीले जनाएको छ । किशोरले १४ जटा मोवाइल, रिचार्ज कार्ड र नगदसहित ६ लाख ७० हजार २ सय २५ रुपैयाँ बराबरको चोरी गरेको प्रहरीले जनाएको छ ।

# चितवनको माडी जान चारपाङ्ग्रे सवारीलाई २४सै घण्टा खुला



चितवन, २३ माघ/ चारपाङ्ग्रे सवारीलाई चितवनको माडी जान २४सै घण्टा खुला गरिएको छ । चितवन राष्ट्रिय निकुञ्ज भएर पुग्नुपर्ने जिल्लाको माडी नगरपालिका जान अब चारपाङ्ग्रे सवारीलाई २४सै घण्टा खुला गरिएको हो । माडी जान चितवन राष्ट्रिय निकुञ्जको बनकट्टादेखि कसरासम्मको हुलाडी सडकखण्ड भोली बिहिबारदेखि २४सै घण्टा खुला गर्ने सहमति भएको छ ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले जनताको माग र आवश्यकतालाई हेरेर परीक्षणको रुपमा चारपाङ्ग्रे सवारीलाई २४सै घण्टा चल्न दिने गरी निकुञ्ज लचक भएको बताए । निकुञ्जको मुख्य कार्यालय कसरादेखि माडीको रिउपुलसम्म करीव १० किलोमिटर सडक निकुञ्जभित्र पर्दछ । निकुञ्जले यसअघि राती १० बजेदेखि ४ बजेसम्म निकुञ्ज क्षेत्र भएर यात्रा गर्न रोक लगाएको थियो ।

'आकस्मिक सवारी साधन, विवाहका बसहरुलाई विगतमा पनि जान दिएका थियौं, यसपटक अरु सवारीलाई पनि जान दिने भनेर सहमति दिएका हौं,' निकुञ्जका सूचना अधिकारी थापामगरले भने, 'चार पाँच बटा सवारी भएपछि एकैपटक पठाउँछौं ।' नीजि र सार्वजनिक दुवै सवारीको हकमा यस्तो सहमती भएको हो । निकुञ्जले मोटरसाइकल लगायतका दुईपाङ्ग्रेलाई भने रातको बेलामा सो सडक भएर जान नपाउने नियमलाई यथावत राखेको छ ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापा, नेपाली सेनाको नयाँ गोरख गण कसराका मेजर जीवन बिष्ट, माडी नगर उपप्रमुख खेमप्रसाद महतो, माडी १ का वडाध्यक्ष अमित कुमार लामा, भरतपुर २३ वडाध्यक्ष दीपक दवाडी, निकुञ्जको माडी बगहीं सेक्टर संयोजक नारायणदत्त सापकोटा, उपभोक्ता समिति तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूको बैठकले यस्तो सहमति गरेको हो ।

माडीका स्थानीय वासिन्दाले निकुञ्जलाई चौविसे घण्टा खुला गर्नुपर्ने माग गर्दै आएका थिए । माडी नगरपालिकाले जिल्लाको सदरमुकाम आउन विभिन्न हैरानी झेल्नुपरेको भन्दैं सडक कालोपत्रे र चौविसै घण्टा खुलाउन माग गर्दै आएको छ ।

# १४ नम्बर वडालाई बालमैत्री घोषणा गर्ने तयारी पूरा

साझाकुरा संवाददाता



हेटौंडा, २३ माघ/ हेटौंडा उपमहानगरपालिका-१४ लाई बालमैत्री वडा घोषणा गरिँदैछ । विभिन्न सूचक पूरा गरेसँगै हेटौंडा-१४ ले निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारी गरेको हो ।

बुधबार पत्रकार सम्मेलन गर्दै यही माघ २५ गते गते शुक्रबार १४ नम्वर वडालाई बालमैत्री शासनयुक्त वडा घोषणा गर्न लागेको वडाध्यक्ष दीपक खड्काले जानकारी दिए । उनका अनुसार, 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने नाराकासाथ वडालाई बालमैत्री वडा घोषणा गर्न लागिएको हो । स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकमध्ये हालसम्म ४६ वटा सूचक १०० प्रतिशत, १ सूचकमा ९८ प्रतिशत र बाँकी ४ वटा सूचकमा घोषणाका लागि आवश्यक न्युनतम नतिजा हाँसिल भएको वडाध्यक्ष खड्काले बताए ।

१९ वडा रहेको हेटौंडामा बालमैत्री वडा घोषित हुन बाँकी अब यो वडा मात्रै हो । यसअघि हेटौंडा उपमहानगरका १८ वटा वडा बालमैत्री वडा घोषित भइसकेको छ । हेटौंडा-१४ मा घरधुरी तथ्यांक संकलन २०७९ अनुसार १८ वर्षभन्दा कम उमेर समूहका २ हजार ४ सय ९४ जना बालबालिका रहेका छन् । जसमा १ हजार २ सय ६७ बालक र १ हजार २ सय २७ बालिका रहेका छन् । वडामा सामुदायिक, संस्थागत र बालविकास केन्द्रसहितका ६ वटा विद्यालय सञ्चालनमा रहेका छन् ।

समुदायस्तरमा २२ वटा बालसमू, १ वडा बालसञ्जाल रहेको छ । जसमा ५ सय ५० जना बालबालिका आबद्ध रहेका छन् । विभिन्न संरचनात्मक समितिमा समेत गरी ५ सय ७० जना बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको छ । सो अभियानमा १२ वटा बालविवाह रोकिएको छ भने विभिन्न बालश्रमिकको उद्धार गरी पारिवारिक मिलन समेत गरिएको बालमैत्री घोषणा मूल समारोह समितिका संयोजक समेत रहेका वडाध्यक्ष खड्काले जानकारी दिए ।

वडाध्यक्ष खड्काले यसअघि यो वडालाई पूर्णखोप वडा, पूर्णसाक्षर वडा र खुल्ला दिसामुक्त वडा घोषणा गरिसकिएको बताए । वडाध्यक्ष खड्काले बालमैत्री घोषणा कार्यक्रम हेटौंडा-१४, स्थित भृकुटी माध्यमिक विद्यालयमा गरिने बताए । यो वडाको कुल क्षेत्रफल १६ दशमलव ३२ वर्ग किलोमिटर रहेको छ । यस वडाको पूर्वी सीमाना हेटौंडा-१५, पश्चिम सीमाना हेटौंडा-१३, उत्तर सीमाना हेटौंडा-९ र दक्षिण सीमाना पर्सा राष्ट्रिय निकुञ्ज पर्दछ । यस वडाका अधिकाशं भागहरु ग्रामीणस्तरका छन् ।

# जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिताको तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ मकवानपुर जिल्ला तेक्वान्दो संघको आयोजनामा हुन लागेको १७ औं संस्करणको जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिताको तयारी पूरा भएको छ ।

यही माघ २५ र २६ गते हेटौंडा-४ स्थित कभर्ड हलमा आयोजना हुने जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको संघका अध्यक्ष लालकाजीरत्न बज्राचार्यले जानकारी दिए ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले प्रतियोगिता उद्घाटन गर्ने आयोजकले जनाएको छ । अध्यक्ष बज्राचार्यले भने, 'प्रतियोगिता सञ्चालनको लागि करिव ३ लाख रुपैयाँ खर्च लाग्ने छ । खेलाडीको लागि खाना र बस्नको व्यवस्था मिलाएका छौं ।'

दुईदिन सञ्चालन हुने प्रतियोगितामा जिल्लाका २२ वटा डोजाङबाट विभिन्न तौल समूहमा ३ सय जना खेलाडीले सहभागिता जनाउने उनले बताए । प्रतियोगितामा टिम प्रथम, दोस्रो र तेस्रो हुनेलाई पुरस्कारको व्यवस्था गरेको आयोजकले जनाएको छ ।

हेटौंडा उपमहानगरपालिका
**८ नं. वडा कार्यालय**
कमाने, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**आदरणीय सवै वडावासीहरूमा जानकारीको लागि अनुरोध !**

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि ब्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धि ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि यो वडा तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आफ्नो तर्फबाट सचेत भई अरूलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानून बिरूद्धका कार्यहरू भए गरेमा कानून बमोजिम भइजाने ब्यहोरा पनि जानकारी गराइन्छ ।

बागमती प्रदेश
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**
हेटौंडा, नेपाल

**एच.पी. भी. खोप सम्बन्धि जनहितमा जारी संदेश !**

नेपालमा हरेक दिन चार जना महिलाहरुको पाठेघरको मुखको क्यान्सर बाट मृत्यु हुन्छ भन्ने तथ्यांक छ महिलाहरुमा विभिन्न क्यान्सर मध्ये पाठेघरको क्यान्सर महिलाहरुको मृत्युको प्रमुख कारण हो तर किशोरावस्थामै पाठेघरको मुखको क्यान्सर बिरुद्दको खोप लगाई यो रोगबाट बचाउन सकिन्छ त्येसैले नेपाल सरकारद्वारा यहि मिति २०८१ माघ २२ गते देखि फाल्गुन ०६ गते सम्म एच.पी.भी. खोप संचालन हुँदैछ । मकवानपुर जिल्ला स्थिति १० वटै स्थानीय तह अन्तर्गत बिद्यालय लक्षित खोप केन्द्र बाट २०८१ माघ २२ गते बाट माघ २८ गतेसम्म एच.पी.भी. खोप संचालन हुदैछ । यस एच.पी.भी. खोप अभियानमा कक्षा ६ देखि कक्षा १० सम्म अध्यन गर्ने छात्राहरु र विद्यालय नजाने १० बर्ष देखि १४ बर्ष सम्मका किशोरीहरुलाइ एच.पी. भी. खोप लागाइदै छ । त्यसैले आृनो नजिकैको बिद्यालय वा तपाइको नानि अध्यन गर्ने बिद्यालयमा यो खोप कहिले संचालन हुदैछ जानकारी लिनुहोस् र आफ्नो नानीले यो खोप लिए/नलिएको सुनिस्चित हुनुहोस याद गर्नुहोस माघ २२ गते बाट माघ २८ गते सम्म एच.पी.भी. खोप लागाइदै छ । अभियानको अन्तिम दिन तपाइको नजिकको स्वास्थ्य संस्था बाट समेत यो खोप संचालन हुदैछ । यो खोप महिनाबारीको समयमा समेत लगाउन सकिन्छ अर्थात यस खोपले महिनावारीमा कुनै असर गर्दैन । एच.पी.भी. खोप अभियानको सम्बन्धमा कुनै जिज्ञासा भएमा नजिकैको बिद्यालय, स्वास्थ्य संस्था स्वास्थ्यकर्मी वा म.स्वास्थ्य सयम सेविकासँग जानकारी लिन सकिन्छ भने नि:शुल्क कल सेन्टर ११११५ बाट समेत जानकारी पाउन सकिन्छ । बिद्यालय नजाने १० बर्षदेखि १४ बर्ष सम्मका किसोरिहरु यो खोप बाट छुटन नदिन सहयोग गरिदिनुहन अनुरोध छ । खोप लगाएसंगै सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौ साथै यो एच.पी.भी. खोप आगामी आ.व. देखि नियमित रुपमा समेत संचालन हुनेछ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर**

**यही माघ १७ गतेदेखि सञ्चालन हुँदैछ**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**

- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

**|| बिशेष आकर्षण ||**



हेटौंडा आईडल
Construction Expo-2

हेटौंडा आईडल

**CONSTRUCTION EXPO-2**

**दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१**

फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म

**स्थान** : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

**महोत्सवका आकर्षणहरू**

- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रस्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना